# कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन


जमुना लम्साल

परीक्षा क्रमाङ्क : २४०००४२

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-५०२-७७-२०११


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत

स्नातकोत्तर तह (एम. एड) द्वितीय वर्षको नेपा.शि. ५९८

पाठ्यांश पूरा गर्ने प्रयोजनका

लागि प्रस्तुत

## शोधपत्र

## २०७७/२०२१


नेपाली भाषा शिक्षा विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

# प्रतिबद्धतापत्र

यो शोधपत्र मौलिक छ । मेरो जानकारीमा यसका कुनै पनि अंश अरू कुनै पनि शोध, शोधप्रतिवेदन, अरू कुनै लेखक, प्रकाशकका लेख वा पुस्तकका प्रतिलिपि होइनन् । कुनै लेख रचना वा प्रोजेक्ट प्रतिवेदन अंशको साभार होइन । अनुसन्धानको परिधिभित्र रही मैले यो शोधपत्र तयार परेकी हुँ । शोधनिर्देशकको निर्देशनमा रही मैले यो शोधकार्य सम्पन्न गरेकी हुँ । यो मेरो कार्यप्रतिको प्रतिबद्धताको उद्घोष हो ।

मिति : २०७७/१२/०३<br>
सन् : १६ मार्च २०२१

.........................

जमुना लम्साल

शोधार्थी

## सप्तगण्डकी बहुमुखी क्याम्पस

### शिक्षाशास्त्र सङ्काय

### नेपाली भाषा शिक्षा विभाग

## शोधनिर्देशकको सिफारिसपत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारगत अध्ययन" शीर्षकको शोधपत्र शोधार्थी जमुना लम्सालले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले यस शोधकार्य गर्दा निकै मेहनत गर्नुभएको छ । एउटा नमुना शोधकार्यमा उहाँले गरेको यस कार्यप्रति म पूर्ण सन्तुष्ट छु । त्यसैले यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस समक्ष सिफारिस गर्दछु ।

मिति : २०७७/१२/०३

सन् : १६ मार्च २०२१

..........................

स.प्रा. सरोज दवाडी

शोध निर्देशक

नेपाली भाषा शिक्षा विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर

## कृतज्ञताज्ञापन

यस "कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन" शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

सर्वप्रथम शोधप्रस्ताव लेखनका क्रममा अन्तक्रियात्मक कार्यक्रम सञ्चालन गरी सहयोग पुऱ्याउने नेपाली भाषा शिक्षा विभाग र क्याम्पस प्रमुख मणिराज महतोप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा कहिल्यै पनि झर्को नमानी हरपल सहयोग गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु श्री सरोज दवाडी र विभागीय प्रमुख बिन्दु पौड्यालप्रति अत्यन्तै कृतज्ञ छु । यस शोधपत्रको शीर्षक छनोटदेखि शोधपत्र तयार गर्दासम्म सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरुहरू श्री बलराम शिवाकोटी, प्रभा कोइरालाप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र लेखनको क्रममा हरपल झकझकाइरहने र यस स्थानमा पुग्नको लागि प्रेरणा दिनुहुने आदरणीय बुबा जेदुनाथ उपाध्याय, आमा रितुमाया उपाध्याय, ससुरा चूडामणि घिमिरे, सासु कजनदेवी घिमिरे, जीवनसाथी रामहरि घिमिरे र छोरा रिजन घिमिरेप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्न सल्लाह दिने साथीहरू पुष्पा, सुमित्रा, मञ्जु र यस शोधपत्र यथा समयमै शुद्धरूपमा टङ्कन गरिदिने महेश पौडेललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्दा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन समक्ष पेस गर्दछु ।

मिति : २०७७/१२/०३
सन् : १६ मार्च २०२१

जमुना लम्साल
शोधार्थी

# शोधसार

यस शोधकार्यको कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको कार्यगत आधार छुट्याउनु, स्रोतगत दृष्टिले अध्ययन गर्नु र बनोटगत आधारमा अध्ययन गर्नु मुख्य उद्देश्य रहेको छ ।

यस शोधपत्रमा सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय कार्य अपनाइएको छ । यस शोधकार्यलाई प्रभावकारी बनाउनका लागि शोधनिर्देशक र अन्य विशेषज्ञहरूका सुझावका आधारमा सामग्री सङ्कलन गरी सङ्कलित सामग्रीलाई विश्लेषण गरिएको छ । यसलाई स्पष्ट र प्रभावकारी बनाउनको लागि स्तम्भचित्र र तालिकीकरणमा व्याख्या एवम् विश्लेषण गरिएको छ । यस शोधपत्र गुणात्मक प्रकृतिको हो ।

यस शोधपत्रलाई कार्यगत आधारमा विश्लेषण गर्दा नामपद, क्रियापद र विशेषणको प्रयोग अधीक मात्रामा र सर्वनाम, निपात, विस्मयादिबोधक र संयोजकको प्रयोग अत्यन्त कम देखियो । विस्मयादिबोधक, निपात र संयोजकको मात्रा बढाउँदा कथाहरू रोचक हुने देखिएको छ । यस शोधपत्रलाई स्रोतगत आधारमा विश्लेषण गर्दा तद्भव शब्दको तुलनामा तत्सम र आगन्तुक शब्दको प्रयोग अत्यन्त कम पाइयो । स्रोतका आधारमा शब्दहरूको छनोट तथा वितरण भने राम्रो देखिँदैन । यसरी नै बनोटगत आधारमा पनि तुलनात्मक रूपमा विश्लेषण गर्दा मूल शब्दभन्दा व्युत्पन्न शब्द नै बढी रहेको पाइयो, जसले गर्दा विद्यार्थीहरूलाई शिक्षण सिकाइमा सरल सहज भएको पाइन्छ त्यसैले कथाहरू पनि बढी रोचक देखिएको छ ।

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अप्र. | : | अप्रकाशित |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| डा. | : | डाक्टर |
| प्रा. | : | प्राध्यापक |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| बि.एड. | : | ब्याचलर्स अफ एजुकेसन |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| सं. | : | संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| स.प्रा. | : | सह-प्राध्यापक |

## विषयसूची

**अध्याय : एक**

**शोधपरिचय**

१.१ विषय प्रवेश १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता २

१.५ शोधकार्यको सीमाङ्कन ३

**अध्याय : दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप**

२.१ पूर्वकार्यको समीक्षा ४

२.१.१ सम्बद्ध पुस्तकको समीक्षा ४

२.१.२ शोधपत्रको समीक्षा ५

२.२ शब्दभण्डारको सैद्धान्तिक प्रारूप ९

२.२.१ शब्दभण्डारको परिचय ९

२.२.२ भाषा पाठ्यपुस्तकका शब्दको महत्व र अध्ययनको आवश्यकता १०

२.२.३ स्रोतका आधारमा शब्दको वर्गीकरण १०

२.२.३.१ तत्सम शब्द ११

२.२.३.२ तद्भव शब्द ११

२.२.३.३ आगन्तुक शब्द १२

२.२.४ बनोटगत आधारमा शब्दको वर्गीकरण १२

२.२.४.१ मूल शब्द १२

२.२.४.२ व्युत्पन्न शब्द १३

२.२.५ कार्यका आधारमा शब्दको वर्गीकरण १३

२.२.५.१ नाम १३

२.२.५.२ सर्वनाम १४

२.२.५.३ विशेषण १४
२.२.५.४ क्रियापद १५
२.२.५.५ क्रियायोगी १५
२.२.५.६ नामयोगी १५
२.२.५.७ संयोजक १६
२.२.५.८ विस्मयादिबोधक १६
२.२.५.९ निपात १६

**अध्याय : तीन**

**शोधविधि र प्रक्रिया**

३.१ नमुना छनोट १७
३.२ सामग्री निर्माण १७
३.३ सामग्री सङ्कलन १८
३.३.१ प्राथमिक स्रोत १८
३.३.२ द्वितीयक स्रोत १८
३.४ तथ्याङ्कको व्याख्या-विश्लेषण १८
३.५ शोधपत्रको रूपरेखा १९

**अध्याय : चार**

**व्याख्या एवम् विश्लेषण**

४.१ विषय प्रवेश २०
४.२ कार्यका आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाका शब्दको वर्गीकरण २०
४.३ स्रोतका आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाको वर्गीकरण २२
४.४ बनोटगत आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाको वर्गीकरण २४
४.५ कार्यका आधारमा 'सातदिने सभा'को वर्गीकरण २६
४.६ स्रोतका आधारमा 'सातदिने सभा' कथाको वर्गीकरण २८
४.७ बनोटगत आधारमा 'सातदिने सभा' कथाको वर्गीकरण ३०
४.८ कार्यका आधारमा 'सुन उगेल्ने भाले' कथाको वर्गीकरण ३१

४.९ स्रोतका आधारमा 'सुन उगेल्ने भाले' कथाको वर्गीकरण ३३
४.१० बनोटगत आधारमा 'सुन उगेल्ने भाले' कथाको वर्गीकरण ३५
४.११ कार्यका आधारमा 'बोधिसत्वको कथा' कथाका शब्दको वर्गीकरण ३६
४.१२ स्रोतका आधारमा 'बोधिसत्वको कथा'को विश्लेषण ३८
४.१३ बनोटगत आधारमा 'बोधिसत्वको कथा'को विश्लेषण ४०
४.१४ कार्यका आधारमा 'रिस र राक्षस' कथाको वर्गीकरण ४२
४.१५ स्रोतगत आधारमा 'रिस र राक्षस' कथाको वर्गीकरण ४४
४.१६ बनोटगत आधारमा रिस र राक्षस कथाको वर्गीकरण ४६
४.१७ कार्यका आधारमा 'बाक्लोदाल' कथाको शब्दको वर्गीकरण ४८
४.१८ स्रोतका आधारमा बाक्लोदाल कथाको वर्गीकरण ५०
४.१९ बनोटगत आधारमा बाक्लोदाल कथाको वर्गीकरण ५२

**अध्याय : पाँच**

**सारांश तथा निष्कर्ष**

५.१ सारांश ५४
५.२ निष्कर्ष ५५
५.३ उपयोगिता ५६
५.३.१ नीति निर्माण स्तरमा ५६
५.३.२ प्रयोगगत तह ५६
५.४ सुझाव ५६
५.५ भावी शोधका लागि सम्भावित शीर्षकहरू ५७

**सन्दर्भ सामग्रीसूची** ५८

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| तालिका सङ्ख्या - १ : | कार्यका आधारमा ‘मामालाई सुधार्ने भान्जो’ कथाका शब्दको वर्गीकरण | २१ |
| तालिका सङ्ख्या - २ : | स्रोतका आधारमा ‘मामालाई सुधार्ने भान्जो’ कथाका शब्दको वर्गीकरण | २३ |
| तालिका सङ्ख्या - ३ : | बनोटगत आधारमा ‘मामालाई सुधार्ने भान्जो’ कथाका शब्दको वर्गीकरण | २५ |
| तालिका सङ्ख्या - ४ : | कार्यका आधारमा ‘सातदिने सभा’ कथाका शब्दको वर्गीकरण | २७ |
| तालिका सङ्ख्या - ५ : | स्रोतका आधारमा ‘सातदिने सभा’ कथाका शब्दको तालिका | २९ |
| तालिका सङ्ख्या - ६ : | बनोटगत आधारमा ‘सातदिने सभा’ कथाका शब्दको वर्गीकरण | ३० |
| तालिका सङ्ख्या - ७ : | कार्यका आधारमा ‘सुन उगेल्ने भाले’ कथाका शब्दको वर्गीकरण | ३२ |
| तालिका सङ्ख्या - ८ : | स्रोतका आधारमा ‘सुन उगेल्ने भाले’ कथाका शब्दको वर्गीकरण | ३४ |
| तालिका सङ्ख्या - ९ : | बनोटगत आधारमा ‘सुन उगेल्ने भाले’ कथाका शब्दको वर्गीकरण | ३५ |
| तालिका सङ्ख्या - १० : | कार्यका आधारमा ‘बोधिसत्वको कथा’ कथाका शब्दको वर्गीकरण | ३७ |
| तालिका सङ्ख्या - ११ : | स्रोतका आधारमा ‘बोधिसत्वको कथा’ कथाका शब्दको वर्गीकरण | ३९ |
| तालिका सङ्ख्या - १२ : | बनोटगत आधारमा ‘बोधिसत्वको कथा’ कथाका शब्दको वर्गीकरण | ४१ |
| तालिका सङ्ख्या - १३ : | कार्यका आधारमा ‘रिस र राक्षस’ कथाका शब्दको वर्गीकरण | ४३ |
| तालिका सङ्ख्या - १४ : | स्रोतगत आधारमा ‘रिस र राक्षस’ कथाका शब्दको वर्गीकरण | ४५ |
| तालिका सङ्ख्या - १५ : | बनोटगत आधारमा ‘रिस र राक्षस’ कथाका शब्दको वर्गीकरण | ४७ |
| तालिका सङ्ख्या - १६ : | कार्यका आधारमा ‘बाक्लोदाल’ कथाका शब्दको वर्गीकरण | ४९ |
| तालिका सङ्ख्या - १७ : | स्रोतका आधारमा ‘बाक्लोदाल’ कथाका शब्दको वर्गीकरण | ५१ |
| तालिका सङ्ख्या - १८ : | बनोटगत आधारमा ‘बाक्लोदाल’ कथाका शब्दको वर्गीकरण | ५२ |

# स्तम्भचित्रसूची


| स्तम्भचित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| स्तम्भचित्र सङ्ख्या - १ : | कार्यका आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाका शब्दको वर्गीकरण | २२ |
| स्तम्भचित्र सङ्ख्या - २ : | स्रोतका आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाका शब्दको वर्गीकरण | २४ |
| स्तम्भचित्र सङ्ख्या - ३ : | बनोटगत आधारमा 'मामालाई सुधार्ने भान्जो' कथाका शब्दको वर्गीकरण | २६ |
| स्तम्भचित्र सङ्ख्या - ४ : | कार्यका आधारमा 'सातदिने सभा' कथाका शब्दको वर्गीकरण | २८ |
| स्तम्भचित्र सङ्ख्या - ५ : | स्रोतगत आधारमा 'सातदिने सभा' कथाका शब्दको वर्गीकरण | २९ |
| स्तम्भचित्र सङ्ख्या - ६ : | बनोटगत आधारमा 'सातदिने सभा' कथाका शब्दको वर्गीकरण | ३१ |
| स्तम्भचित्र सङ्ख्या - ७ : | कार्यका आधारमा 'सुन उगेल्ने भाले' कथाका शब्दको वर्गीकरण | ३३ |
| स्तम्भचित्र सङ्ख्या - ८ : | स्रोतका आधारमा 'सुन उगेल्ने भाले' कथाका शब्दको वर्गीकरण | ३४ |
| स्तम्भचित्र सङ्ख्या - ९ : | बनोटगत आधारमा 'सुन उगेल्ने भाले' कथाका शब्दको वर्गीकरण | ३६ |
| स्तम्भचित्र सङ्ख्या - १० : | कार्यका आधारमा 'बोधिसत्वको कथा' कथाका शब्दको वर्गीकरण | ३८ |
| स्तम्भचित्र सङ्ख्या - ११ : | स्रोतका आधारमा 'बोधिसत्वको कथा' कथाका शब्दको वर्गीकरण | ४० |
| स्तम्भचित्र सङ्ख्या - १२ : | बनोटगत आधारमा 'बोधिसत्वको कथा' कथाका शब्दको वर्गीकरण | ४२ |
| स्तम्भचित्र सङ्ख्या - १३ : | कार्यका आधारमा 'रिस र राक्षस' कथाका शब्दको वर्गीकरण | ४४ |
| स्तम्भचित्र सङ्ख्या - १४ : | स्रोतगत आधारमा 'रिस र राक्षस' कथाका शब्दको वर्गीकरण | ४६ |
| स्तम्भचित्र सङ्ख्या - १५ : | व्युत्पत्तिगत आधारमा 'रिस र राक्षस' कथाका शब्दको वर्गीकरण | ४८ |
| स्तम्भचित्र सङ्ख्या - १६ : | कार्यका आधारमा 'बाक्लोदाल' कथाका शब्दको वर्गीकरण | ५० |
| स्तम्भचित्र सङ्ख्या - १७ : | स्रोतका आधारमा 'बाक्लोदाल' कथाका शब्दको वर्गीकरण | ५१ |
| स्तम्भचित्र सङ्ख्या - १८ : | बनोटगत आधारमा 'बाक्लोदाल' कथाका शब्दको वर्गीकरण | ५३ |

# अध्याय : एक

# शोधपरिचय

# अध्याय : एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

कथा साहित्यका विभिन्न विधाहरूमध्येको एउटा विधा हो । यो आख्यान विधा अन्तर्गत पर्दछ । साहित्यका विधाले भाषिक सीप विकास गराउने उद्देश्य रहेको हुन्छ । त्यस्तै कथा विधामा पनि भाषाका चारैवटा सीपको विकास गराउने लक्ष्य रहेको हुन्छ । कथा विधा आफैमा रुचि लाग्दो विषय भएकाले यसैको माध्यमबाट विद्यार्थीमा भाषिक सीपको विकास गराउन महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

शब्द भनेको अक्षरहरू मिलेर बनेको स्वतन्त्र अर्थ दिने भाषिक एकाइ हो । व्याकरणीय दृष्टिले शब्द रूपभन्दा माथिल्लो र पदावलीभन्दा तल्लो व्याकरणिक एकाइ हो अर्थात् शब्द भन्नाले अक्षरहरू मिलेर स्वतन्त्र अर्थ दिने भाषिक एकाई भन्ने बुझिन्छ । कक्षा सातको कथा विधामा के-कस्ता स्रोत संरचनाका शब्दहरू के-कसरी निर्माण र प्रयोग भएका छन् भनी पत्ता लगाउने काम यस शोध कार्यमा गरिन्छ । शोधशीर्षक "कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्द भण्डारको अध्ययन"का लागि मुख्य क्षेत्र पाठ्यपुस्तक नै रहेको छ ।

कक्षा सातमा अध्ययन गर्ने उमेर समूहका बालबालिकाहरू शारिरिक र मानसिक रूपमा परिपक्क भएका हुँदैनन् । उनीहरूलाई चेतनामूलक र उपलब्धिमूलक शब्द राखिनु पर्दछ । त्यसमा पनि कथा साहित्यको महत्त्वपूर्ण र रोचक विधाअन्तर्गत पर्ने एक विधा हो । कथा सामाजिक, ऐतिहासिक, पौराणिक आदि विषयलाई आधार मानेर लेखिन्छ । कथा विधामा विद्यार्थीको रुचि, स्तर, चाहना, क्षमता आदिलाई ख्याल गर्दै त्यसै अनुरूप शब्दहरू चयन गरी राखिएमा मात्र उचित उद्देश्य प्राप्त गर्न सक्दछन् । त्यसैले आधारभूत तहअन्तर्गत कक्षा सातको किताबमा प्रयुक्त कथा विधामा राखिएका शब्दहरूको अध्ययनमा नै शोधकार्य केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

समस्या नै अनुसन्धानको विषय हो, जुन समस्यामा अध्ययन गरिने हो । त्यसमा शोधार्थी पूर्ण रूपमा परिचित हुनुपर्छ । यसैअनुसार आधारभूत तहको कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन नै शोधको समस्याको रूपमा रहेको छ । यस समस्यासँग सम्बन्धित अन्य समस्याहरू निम्नानुसार रहेका छन् :

क) कक्षा सातको नेपाली किताबको कथा विधामा समावेश गरिएका शब्दहरू स्रोतगत दृष्टिले के-कस्ता छन्;

ख) कक्षा सातको नेपाली किताबमा समावेश गरिएका कथा विधामा प्रयुक्त शब्दहरू कुन कुन कार्यगत आधारमा छन्;

ग) कक्षा सातको नेपाली किताबको कथा विधामा समावेश गरिएका शब्दहरू बनोटगत आधारमा कस्ता शब्द राखिएका छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य कक्षा सातको नेपाली किताबको कथ्य विधामा समावेश शब्दभण्डारको अध्ययन गर्नु रहेको छ । यस मुख्य उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू निम्नलिखित छन् :

(ख) कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको स्रोतगत आधार छुट्याउनु,

(क) कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको कार्यगत आधार छुट्याउनु,

(ग) कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको व्युत्पत्तिगत आधार छुट्याउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषा शिक्षणबिना स्तरीय भाषाको कल्पना पनि गर्न सकिँदैन । भाषा विषयलाई पूर्णता दिनको लागि कथा विधाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथा शिक्षणले विद्यार्थीहरूमा भावनात्मक, बौद्धिक र कल्पनाशक्तिको विकास गराउनुका साथै उखान, टुक्का, व्याकरण, सिर्जनात्मक क्षमताको विकास गराउने खालको हुनुपर्छ ।

समयको परिवर्तनसँगै समाज र भाषा पनि परिवर्तन भएको हुन्छ । कति नयाँ शब्द थप भएका हुन्छन् भने कति शब्द लोप भएका हुन्छन् । भाषाको मुख्य वा केन्द्रीय तत्त्व शब्द भएकाले यसको अध्ययन गर्नु अपरिहार्य मानिन्छ ।

पाठ्यक्रममा रहेका उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गर्नुपर्दछ । ती विधाहरूमध्ये एउटा विधा कथा हो । कथाले विद्यार्थीमा चारैवटा भाषिक सीप र शब्दभण्डार क्षमताको विकास गराउँछ । भाषिक सीप विकासको लागि शब्दभण्डार मुख्य तत्त्व हो । कथामा विभिन्न शब्दहरू नाम, विशेषण, क्रिया क्रियायोगी, निपात, विस्मयादिवोधक आदि शब्दहरूको प्रयोग कस्तो छ भन्ने कुराको जानकारी दिने भएकाले यसको औचित्य प्रस्ट हुन्छ ।

भाषा विषय लिएर पढेका विद्यार्थीहरूका लागि पाठमा प्रयुक्त शब्दहरू वर्ग, स्रोत, व्युत्पत्ति आदिको जानकारीका लागि यसको औचित्य देखिएको छ । व्याकरणिक रूप सिक्न, यसको अध्ययनले विद्यार्थी, शिक्षक, पाठ्यपुस्तक निर्माता आदिका लागि यसको औचित्य रहेको छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

यो शोधपत्र नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामाग्री केन्द्र, सानोठिमी, भक्तपुरद्वारा प्रकाशित कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययन कार्यलाई अनुसन्धानको सीमा निर्धारण गरिएको छ । त्यसै गरी शब्दहरूको स्रोत तत्सम, तद्भव र आगन्तुकको आधारमा छुट्याइएको छ भने शब्दहरूको वर्गमा नाम, सर्वनाम, विशेषण, क्रियायोगी नामयोगी, विस्मयादिबोधक, निपातमा सीमित रहेको छ र शब्दहरूको बनोटको आधारमा मूल र व्युत्पन्नमा मात्र सीमित रहेको छ । अभ्यास खण्डलाई छोडेर पाठमा प्रयोग भएका शब्दलाई मात्र लिइएको छ । उक्त कथामा दोहोरिएका शब्दहरू राखिने छैन । शब्दहरूलाई प्रस्ट पार्नका लागि तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भैसकेका अनुसन्धानलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । पूर्वकार्यको माध्यमबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि कार्य भए नभएको जानकारी प्राप्त हुन्छ । पूर्वकार्यको सहयोग लिई शोधार्थीले आफ्नो अध्ययनलाई पूरा गर्नको लागि पूर्वकार्यको राम्रो अध्ययन गरी आफूलाई आवश्यक पर्ने तथ्य तथा तथ्याङ्कहरू ग्रहण गर्नुपर्दछ । यो शोधपत्रमा तयार गर्ने क्रममा पहिले प्रकाशित तथा अप्रकाशित विभिन्न स्रोतहरूको अध्ययन गरी आवश्यक तथ्याङ्कहरू समेटिएको छ । यसरी पूर्वकार्यको समीक्षा गर्ने क्रममा प्राप्त विवरणहरूलाई निम्नानुसार समीक्षा गरिएको छ :

### २.१.१ सम्बद्ध पुस्तकको समीक्षा

पोखेल र अन्य (२०५५) राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा *नेपाली वृहत् शब्दकोश* तयार पारिएको हो । यस शब्दकोशमा शब्दहरूको व्युत्पत्ति, मूलस्रोत र पदवर्गलाई समेत देखाइएको छ । त्यसैले यो पुस्तकको अध्ययनले सिद्धान्त निर्माणका साथै विश्लेषणका क्रममा सहयोग पुऱ्याएको छ ।

शर्मा र बराल (२०५५) द्वारा लिखित *भाषा विज्ञान र नेपाली भाषा* नामक पुस्तकमा भाषा विज्ञानअन्तर्गत ध्वनिदेखि वाक्यसम्मको चर्चा र नेपाली भाषाको पनि सङ्क्षिप्त चर्चा भएको पाइन्छ । शब्दअन्तर्गत शब्दवर्ग र स्रोतलाई छुट्याएको छ । त्यसको विस्तृत व्याख्या गरिए तापनि व्युत्पत्तिलाई मूल र व्युत्पादन गरी नछुट्याइ व्युत्पत्ति प्रक्रियालाई मात्र देखाइएको छ । यस पुस्तक समीक्षाले पनि सिद्धान्त निर्माण गर्न र शब्दको अवधारणा बनाउन र विश्लेषणको जटिलता निवारणमा समेत सहयोग पुगेको छ ।

ढकाल (२०५७) द्वारा लिखित *सामान्य भाषाविज्ञान* नामक पुस्तकमा शब्दवर्ग, शब्दस्रोतहरूको उल्लेख गरिए तापनि शब्दको बनोटगत आधारमा विश्लेषण हुन पुगेको छैन । शब्दवर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी,

विस्मयादिबोधक, संयोजक र निपात गरी नौ आधार राखिएको छ । स्रोतका आधारमा भने तत्सम, तद्भव र आगन्तुक गरी देखाइएको छ । यस पुस्तकबाट शोधकार्यमा सैद्धान्तिक अवधारणा निर्माण गर्ने क्रममा शब्दवर्ग र स्रोतको सिद्धान्तमा पहिचान गर्न सहयोग मिलेको छ ।

अधिकारी र भट्टराई (२०६१) को सम्पादकत्वमा *प्रयोगात्मक नेपाली शब्दकोश* नामक पुस्तक प्रकाशित भएको छ । यस कोशमा शब्दहरूको साथै तिनको व्युत्पादन, व्याकरण, अर्थ र प्रयोगका सूचनाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । प्रस्तुत शोधमा शब्दहरूको अर्थ र पदवर्ग जस्तो सूचना लिनलाई यस कोशले सहयोग पुगेको छ ।

शम्मा (२०७५) को *नेपाली शब्दसागर* नामक पुस्तक प्रकाशित छ । यस पुस्तकले शब्दको अर्थ, स्रोत, पर्याय, तात्पर्य, सूचना आदि कुरालाई समावेश गरेको छ । यस शब्दकोशमा व्युत्पत्ति र पदवर्गलाई मात्र शब्दकोशमा देखाइएको छ । स्रोतलाई शब्दकोशमा छुट्याएको छैन । यस शब्दकोशको अध्ययनबाट व्युत्पत्ति र पदवर्गको सैद्धान्तिक अवधारणा निर्माणका साथै दुविधा भएका शब्दहरूको बनोटगत अध्ययन र शब्दहरूको वर्ग निर्धारणमा सहयोग पुगेको छ ।

## २.१.२ शोधपत्रको समीक्षा

पराजुली (२०६१) द्वारा *'कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरुको आवृत्ति गणना'* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा पाठ्यपुस्तकमा शब्दहरुको आवृत्ति छनोट, स्तरणका आधारमा भएको छ वा छैन भन्ने विवेचना गर्ने तथा शब्दहरुको वर्ग पहिचान गर्ने उद्देश्यले गरिएको उक्त शोधमा पुस्तकालयीय विधिको छनोट गरिएको छ । यस शोधपत्रमा सबै वर्गका शब्दहरुलाई समानुपातिक रुपमा स्थान दिएर पाठ्यपुस्तक निर्माण गर्नु पर्ने तत्सम शब्दहरुका तुलनामा तद्भव शब्दहरुलाई ज्यादा जोड दिनुपर्ने निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०६७) द्वारा *'कक्षादशको नेपाली पाठ्यपुस्तकमा कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन'* शीर्षकमा शोध गरिएको पाइन्छ । उक्तशोध अध्ययनको उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा शब्दप्रयोगको स्थिति अध्ययन गर्नु र पदवर्ग र स्रोतका आधारमा प्रयुक्त शब्दहरुलाई वर्गीकरण गर्नु रहेको छ । उक्त अध्ययनमा

आवश्यकता अनुसार पुस्तकालयीय विधि र वर्णनात्मक विधिको अवलम्वन गरिएको छ र उक्त कथा विधामा नाम, सर्वनाम, विशेषण क्रिया, क्रिया विशेषण वर्गका शब्दहरु ९९६ ओटा रहेका छन् । यिनीहरुमा पदवर्गगत हिसावले हेर्दा सबैभन्दा बढी नाम, वर्गका शब्दहरु रहेको निष्कर्ष निकालिएको छ ।

रेग्मी (२०६८) द्वारा *'कक्षा दशको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन'* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कविता विधामा प्रयुक्त शब्दहरुको उपयुक्तता आकलन गर्नु जस्ता उद्देश्य रहेका छन् । यसमा पुस्तकालयीय विधि र विश्लेषण विधि अपनाइएको छ । शब्द स्रोतको छनोटमा विशेष ध्यान दिनुपर्ने, तद्भव एवम् झर्रा नेपाली शब्दहरुको अधिक प्रयोग, सरल शब्दहरुको प्रयोगमा जोड, आगन्तुक शब्दहरुको प्रयोगमा सन्तुलन कायम, अनावश्यक शब्दहरुलाई हटाउने आदि निष्कर्ष निकालिएको छ ।

दवाडी (२०६९) द्वारा *मुना (मासिक बाल प्रकाशन) मा प्रकाशित बालकथाको अध्ययन एवम् विश्लेषण* नामक शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रमा बालकथाको स्वरूप, विषयगत वर्गीकरण र विश्लेषण गर्नुका साथै बालकथालाई शब्दभण्डारगत विश्लेषण गर्ने उद्देश्य राखिएको छ । उक्त शोधपत्रमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा *"मुना"* पत्रिकामा समाविष्ट अधिकांश कथाहरू ज्ञानमूलक कम र मनोरञ्जनात्मक बढी, स्तर अनुसार नभएको, कुनै कथामा विषयवस्तुगत जटिलता, यथार्थ, सत्यता र तार्किकताको कमी, मानवीयभन्दा मानवेत्तर पात्रहरूको बढी प्रयोग, विषयगत विविधता, छपाइगत त्रुटि, कुनै चित्रमा उचित उपयोग र व्यवस्थापन नहुँदा चाखलाग्दो बन्न नसक्नु, शब्दभण्डारगत दृष्टिले कथामा समानता नहुनु, अनावश्यक शब्दहरू दोहोरिनु, धेरै कथाहरू सहरकेन्द्री हुनु, धेरै बालकथाहरूमा नाम पदको सङ्ख्या बढी हुनु आदि निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रमा बालकथाका विश्लेषणका साथै शब्दभण्डारको पनि अध्ययन भएकाले शब्दभण्डारगत अध्ययनका लागि अत्यन्तै उपयोगी देखिन्छ ।

भट्ट (२०७०) द्वारा *कक्षा छको हाम्रो नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शबदभण्डारको अध्ययन* नामको शोधपत्र तयार पारिएको छ । उक्त शोधमा नेपाली

पाठ्यपुस्तकभित्र रहेका कथा विधामा शब्दभण्डारगत स्थितिको विश्लेषण गर्ने, शब्दहरूको स्रोत, वर्ग, बनोट प्रक्रिया देखाउने, उक्त शब्दहरूको अनावृत्तिका आधारमा प्रयुक्त शब्दहरूको सक्रिय र निस्क्रिय शब्दभण्डारको निर्धारण गर्ने र कमीकमजोरी औंल्याई सुधारका लागि सुझावहरू दिने उद्देश्य राखिएको पाइन्छ । उक्त शोधपत्रमा पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ । यस शोधपत्रमा शब्दलाई समानुपातिक महत्त्व दिएर पाठ्यपुस्तक निर्माण गरिनुपर्ने, तद्भव शब्दको सङ्ख्या धेरै भए राम्रो मानिने, विद्यार्थीका दैनिक जीवनमा प्रयोग हुने शब्दलाई छनोटका क्रममा प्राथमिकता दिनुपर्नै, शब्दभण्डारको अन्तर उपयुक्त नभएको, शब्दभण्डार सम्बन्धी अध्ययनमा ध्यान दिन नसकेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट सम्बन्धित शोधकार्यमा शब्दको स्रोत, व्युत्पत्ति र वर्ग छनोट गर्न सहयोग पुग्ने देखिन्छ । सिद्धान्त निर्माणमा समेत सहयोग पुग्ने देखिन्छ ।

काफ्ले (२०७०) ले *'कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन'* शीर्षकमा अनुसन्धान गरेकी छन् । उक्त शोधमा शब्दहरूको स्रोतगत आधार छुट्याउनु, पदवर्गगत आधार छुट्याउनु उद्देश्य रहेका छन् । यस शोधमा पुस्तकालीय विधिको अवलम्बन गरिएको पाइन्छ । उक्त शोधमा शब्दभण्डार सम्बन्धी अध्ययन गर्दा तत्सम शब्द बढी रहेको पाइएको छ । नाम र विशेषण शब्द पनि बढी रहेको निष्कर्ष निकालिएको छ । यस शोधबाट शब्दको स्रोत, व्युत्पत्ति र वर्ग छनोट गर्न सहयोग पुग्ने देखिन्छ ।

दवाडी (२०७१) ले *'कक्षा पाँचको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारगत अध्ययन'* शीर्षकमा अप्रकाशित शोधपत्र तयार पारिएको छ । यसको उद्देश्य कक्षा पाँचको मेरो नेपाली किताबमा समावेश गरिएका कथा विधाका शब्दहरुलाई पदवर्ग, स्रोत र बनोटका आधारमा छुट्याउनु रहेको छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । कठिन शब्दहरुको प्रयोग अत्याधिक भएकाले बोझिलो रहेको, शब्दहरुको छनोट तथा वितरण राम्रो नभएको, पाठहरुको अनुपात नमिलेका, शब्दहरुको जटिदता क्रम नमिलेको, छनोट र स्तरण  नमिलेको आदि कुराहरु निष्कर्ष रुपमा रहेका छन् ।

शर्मा (२०७१) ले *'कक्षा आठको हाम्रो नेपाली किताबको कथा विधामा समाविष्ट शब्दभण्डारको अध्ययन'* शीर्षकमा अनुसन्धान गरेकी छन । उनले यस अनुसन्धानमा

शब्दवर्ग, स्रोत, अर्थ र संरचनाका आधारमा अध्ययन गरेकी छन् । उनले निष्कर्षमा नाम शब्द सबैभन्दा बढी त्यसपछि क्रिया वर्गका शब्दहरू रहनुले सन्तोषजनक रहे पनि संयोजक, निपात शब्दको कम प्रयोगले शब्द छनौट उपयुक्त नभएको पाइयो । तत्सम र आगन्तुक शब्दको तुलनामा तद्भव शब्दको बढी प्रयोग अर्थगत रूपमा विद्यार्थीको स्तरभन्दा जटिल शब्दहरूको अर्थ शब्दकोशमा समेत नभेटिएका निष्कर्ष निकालेकी छन् । उक्त शोधको अध्ययनबाट सम्बन्धित शोधकार्यमा शब्दको स्रोत, व्युत्पत्ति र वर्ग छनोट गर्न सहयोग पुग्ने देखिन्छ । यस शोधमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

न्यौपाने (२०७३) द्वारा *'कोपिला बाल पत्रिकामा प्रकाशित कथाहरुको  वाक्य गठनको अध्ययन'* नामक शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा वाक्यको संरचनागत तत्त्वको निरुपण गर्ने, वाक्य ढाँचा पत्ता लगाउने, संरचना र अर्थका दृष्टिले वाक्यहरुको पहिचान गर्ने आदि उद्देश्य रहेको छ । पुस्तकालयीय विधि र आवश्यकताअनुसार वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरएिको छ । बाल कथाहरु जटिल रहेको, कुनै कुनै कथाहरुले नकारात्मक सन्देश दिएको, उद्देश्य स्पष्ट नभएको, भाषिक सिद्धान्त अनुरुप शब्दहरु नमिलेका, संयुक्त र मिश्र वाक्यको प्रयोग, भाषागत त्रुटि, आदरार्थीको प्रयोग नमिलेको, छपाइगत त्रुटिभएको आदि निष्कर्ष निकालिएको छ ।

शर्मा (२०७३) द्वारा *'कक्षा नौको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारगत अध्ययन'* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कथाविधामा शबदहरूको स्रोतगत अध्ययन, कार्यगत अध्ययन र बनोटगत अध्ययन गर्ने उद्देश्य राखिएको छ । उक्त शोधमा पुस्तकालयीय विधिको अवलम्बन गरिएको छ । यस शोधमा क्रियाविशेषण वर्गका शब्दहरूको सङ्ख्या सन्तोषजनक रहे तापनि विशेषण अनि विस्मयादिबोधक वर्गका शब्दहरूको न्युनता रहेकाले पदवर्गगत हिसाबले शब्दहरूको छनोट एवम् वितरण उपयुक्त नभएको, कठिन शब्दहरको प्रयोग बढी मात्रामा भएको, तद्भव शब्दको तुलनामा तत्सम अनि आगन्तुक शब्द कम भएकाले स्रोतको आधारमा शब्दहरूको छनोट र वितरण राम्रो नदेखिएको, भाषा सिकाइका दृष्टिले तत्सम शब्दका तुलनामा तद्भव शब्दहरू बढी भएकाले औचित्यपूर्ण रहेको र शब्दहरूको जटिलता क्रमिक रूपमा तहअनुसार बढ्दै जाने क्रममा त्यसतर्फ त्यति ध्यान दिइएको नपाइनु जस्ता निष्कर्ष निकालेका छन् ।

विधिको छनोट, विश्लेषण प्रक्रियाको निक्यौंल र निष्कर्ष निकाल्न समेत सहयोग पुग्ने देखिन्छ ।

## २.२ शब्दभण्डारको सैद्धान्तिक प्रारूप

मानिस एक सामाजिक प्राणी भएकाले आफ्ना मनमा उब्जेका विचार, अनुभूति एवम् धारणालाई अरूसमक्ष प्रस्तुत गर्न चाहन्छ । यसको प्रभावकारी माध्यम नै भाषा हो । भाषाको आधारभूत तत्त्व शब्द हो । शब्द भाषाको सम्पत्ति पनि हो । कुन भाषा कति सम्पन्न छ भन्ने कुरा त्यसमा भएका शब्दले निर्धारण गर्दछ । कुनै पनि व्यक्तिलाई सामान्य भाषिक व्यवहारका लागि भाषामा प्रयोग भएका शब्दहरूलाई आवश्यकता अनुसार सिक्दै जानुपर्ने हुन्छ । विद्यार्थीहरूको शब्दभण्डार विकासका लागि पाठ्यपुस्तकमा शब्दभण्डारको शिक्षण गर्नुपर्ने हुन्छ । योजनाबद्ध पठनपाठन गराउन र सीमित समयमा अपेक्षित दक्षता हासिल गराउन शब्दभण्डारको अध्ययन गर्न जरुरी देखिन्छ । नेपाली भाषाको शब्दभण्डार दिन-प्रतिदिन बढ्दै गइरहेको छ । शब्दभण्डारको वृद्धिसँगै नेपाली भाषाले अन्तर्राष्ट्रिय भाषाहरूसित पनि सम्पर्क बढाउँदै गएको पाइन्छ । भाषाको यस्तो विस्तारले नेपाली भाषामा अझै नयाँ शब्दहरूको आगमन हुने निश्चित छ । विचारको सम्प्रेषणबोध र अभिव्यक्तिका लागि भाषामा निहित शब्दभण्डारको महत्त्वपूर्ण स्थान रहेको छ ।

### २.२.१ शब्दभण्डारको परिचय

अर्थयुक्त लघुत्तम भाषिक एकाइलाई शब्द भनिन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन आउने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । शब्द एक वा अनेक वर्ग वा अक्षरले बनेको स्वतन्त्र अर्थ र प्रयोगमा आउने भाषिक एकाइ हो । यो उच्चार्य र लेख्य दुवै हुन्छ । यसको शाब्दिक अर्थ ‘आवाज’ हुन्छ । हिन्दीमा पनि यसलाई शब्द नै भनिन्छ । यसको अर्थ ध्वनि उत्पन्न गर्नु हो । यसलाई अङ्ग्रेजीमा ‘वर्ड’, ग्रीकमा ‘लिरो’, ल्याटिनमा ‘भर्वम्’ भनिन्छ ।

शब्दहरूको समूहलाई नै शब्दभण्डार भनिन्छ । कुनै पनि भाषामा रहेका सम्पूर्ण शब्दहरूको समष्टि नै शब्दभण्डार हो (भण्डारी, २०६० : पृ. ४५) । यसलाई शब्द ढुकुटी पनि भनिन्छ । भाषामा प्रयोग हुने शब्दहरूको समूह वा राशि नै खासमा शब्दभण्डार हो । शब्दभण्डारले शब्दमा देखिएका समस्यालाई समाधान गर्नको लागि सहयोग पुऱ्याउँदछ ।

### २.२.२ भाषा पाठ्यपुस्तकका शब्दको महत्त्व र अध्ययनको आवश्यकता

पाठ्यपुस्तक भनेको सम्बन्धित तह र कक्षाको पाठ्यक्रम अनुरूप तयार पारिएको सामग्री हो । कुनै पनि तह, कक्षा वा समूहका लागि विभिन्न भाषिक उद्देश्य राखेर शिक्षणगर्न तयार पारिएको आधिकारिक पाठ्यसामग्री नै पाठ्यपुस्तक हो । पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशलाई विद्यार्थीका स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक छनौटमा शब्दभण्डारको छनोटको अत्यधिक आवश्यकता रहेको हुन्छ (शर्मा र पौडेल, २०६० : पृ. ३१३) । यसका लागि शब्दहरूको अध्ययन गर्नुपर्दछ ।

विश्वमा भएको ज्ञानलाई एक कुनाबाट अर्को कुनामा सम्प्रेषण गर्ने माध्यम नै भाषा हो । भाषामा शब्दको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषाका माध्यमबाट शब्द सिकाइने र शब्दकै सेरोफेरोमा भाषाले अग्रगति प्राप्त गर्ने भएकाले शब्द र भाषा बीचको अन्योन्याश्रित सम्बन्धले शिक्षण सिकाइ र भाषाका शब्दभण्डारको महत्त्वलाई झल्काउँछ । भाषा पाठ्यपुस्तक र शब्दभण्डारबीच नङ र मासुजस्तो सम्बन्ध रहेको पाइन्छ । यसमा एकको अभावमा भाषा सिक्ने काम असम्भव हुन्छ । भाषालाई प्रत्यक्ष सहयोग पुऱ्याउने शब्दभण्डार नै हो ।

### २.२.३ स्रोतका आधारमा शब्दको वर्गीकरण

भाषाले जहाँबाट शब्द प्राप्त गर्छ, त्यस ठाउँलाई स्रोत भनिन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन आउने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । यो रूपिमभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक एकाइ हो । वाक्य स्तरमा प्रयुक्त शब्दले साहित्यलाई भरिपूर्ण पार्ने काममा ठूलो सहयोग गरेको छ ।

मानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनिहरूको समूह नै भाषा हो । भाषाले सधैँ सरलतालाई पछ्याउने गर्दछ । संसारमा विभिन्न किसिमका भाषाहरू बोलिन्छन् । समाज र संस्कृतिअनुसार भाषाको प्रकृतिमा फरक पाइन्छ । मानव र समाजको मूर्तरूप नै भाषा हो, जसले समाजलाई सधैँ गतिशील रूपमा अगाडि बढाइरहेको छ । समाजलाई सजीवता तुल्याउने काम पनि भाषाले नै गर्दछ ।

नेपाली भारोपेली भाषा परिवारको आर्य इरानेली शाखाबाट संस्कृत, प्राकृत र अपभ्रंस हुँदै जन्मेको भाषा हो । यही संस्कृत भाषाबाट नेपाली भाषाको जन्म भएको हो, त्यसैले संस्कृत भाषालाई नेपाली भाषाको मातृभाषाको रूपमा रहेको मान्न सकिन्छ । त्यसैले नेपाली भाषाको शब्दभण्डार धेरैजसो संस्कृत शब्दहरूले भरिएको छ र अन्य भाषाबाट पनि आएका छन् । यसै आधारमा नेपाली शब्दलाई स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारमा बाँडिएको छ ।

## २.२.३.१ तत्सम शब्द

संस्कृत भाषाबाट अरू भाषामा हेरफेर नभई आएका शब्द एक भाषाबाट अर्को भाषामा रूप नफेरी आएका शब्द केवल नेपाली भाषामा प्रयोग हुन आएका संस्कृत शब्दलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दका भाषिक गहनता पाइन्छ ।

तत्सम शब्द भनेको संस्कृतबाट रूप नफेरिइ जस्ताको तस्तै नेपाली आउनु हो । 'तत्' भनेको त्यो र 'सम्' भनेको अर्थ 'उस्तै' हो । अरू भाषाबाट रूप नफेरिइकन आफ्नो भाषामा आएर जस्ताको तस्तै चलेका शब्द तत्सम हुन् (अधिकारी, २०५८ : पृ. २०) । तत्सम शब्दले नेपाली भाषालाई शिष्ट, अर्थपूर्ण र व्यावहारिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

तत्सम शब्दको प्रयोग नेपाली भाषामा अत्याधिक हुने भएकाले कतिपयले अर्थबोधको समस्या भोल्नु परेको छ । अझ नेपाली इतर मातृभाषा भएका विद्यार्थीहरूको लागि ठूलो चुनौती भएको छ । त्यसैले नेपाली भाषाका लागि तत्सम शब्दको अध्ययन अपरिहार्य रहेको छ । जस्तै : विद्या, नेत्र, लता, नर, गृह आदि ।

## २.२.३.२ तद्भव शब्द

नेपाली भाषाको मातृभाषा संस्कृतबाट केही बदलिँदै आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली भाषामा धेरैजसो झर्रा, ठेट शब्दहरूलाई तद्भवअन्तर्गत नै समेटिन्छ र यस्ता शब्दलाई मौलिक शब्दहरूको उपनाम पनि दिइएको पाइन्छ । कतिपय आगन्तुक शब्दहरूलाई तद्भवअन्तर्गत राखेको पाइन्छ । जुनसुकै भाषाबाट आए पनि तद्भव वर्णविन्यासको नियमभित्र पर्ने र यस्ता शब्दहरूको समेत तद्भवतुल्य हुने उल्लेख गरेको पाइन्छ (अधिकारी र भट्टराई, २०६१ : पृ. ६१८) । यसरी नेपालीभित्रै बोलिने संस्कृत मूलका

शब्दहरूको केही रूप र संरचनामात्र बदलिएर नेपाली भाषाको चलनचल्तीमा रहेका शब्दलाई तद्भव शब्द भनिन्छ । जस्तै : काग, बहिनी, काम, गिद्ध, जोगी आदि ।

### २.२.३.३ आगन्तुक शब्द

कुनै पनि  भाषामा अन्य भाषाका स्रोतबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । नेपाली भाषामा संस्कृत बाहेक अरू भाषाबाट आएका शब्दहरू आगन्तुक शब्द हो । अर्को भाषाबाट आएर प्रयोग भएको शब्द, बाहिरी स्रोतबाट आएको शब्द वा मौलिक बाहेक अरू सबै आगन्तुक शब्द हुन् । जस्तै : वकिल, कोट, रेडियो, कानुन, गरिब आदि ( अधिकारी र भट्टराई, २०६१ : पृ. १०८) । यी शब्दहरूको वर्णविन्यास नेपाली उच्चारणकै आधारमा हुन्छ । स्वदेश र विदेशमा फैलिएका नेपाली भाषासँग प्रत्यक्ष वा परोक्ष सम्पर्कमा आएका भाषाबाट नेपालीले काम चलाउन सापटी लिइएका शब्दहरू नै आगन्तुक शब्द हुन् ।

आगन्तुक शब्दलाई आफ्नै देशभित्रका भाषाहरूबाट आएका र देश बाहिरबाट आएका गरी दुई भागमा बाँड्न सकिन्छ । आफ्नै देशभित्रका भाषाहरू - जस्तै : मैथिली, किराँती, थारू, नेवारी, गुरुङ आदि । देशबाहिरबाट आएका - जस्तै : अङ्ग्रेजी, गुजराती, चिनियाँ, ग्रीक, जापानी, अरबी आदि ।

### २.२.४ बनोटगत आधारमा शब्दको वर्गीकरण

बनोट भनेको शब्दको संरचना हो । भाषामा पाइने शब्दहरूमा केहीको संरचना हुन्छ भने केहीका संरचना हुँदैनन् । संरचना भएका शब्दहरू मिलेर बनेका शब्द हुन् भने संरचना नभएका शब्द स्वतः बनेका हुन्छन् । ती शब्दहरू मूल हुन्छन् । केही शब्दहरू - सन्धि, समास, द्वित्व, उपसर्ग वा प्रत्यय लागेका हुन्छन् भने केही शब्दहरू टुक्रा गर्न नमिल्ने मूल शब्द हुन्छन् । शब्दलाई बनोटगत आधारमा मूल र व्युत्पन्न (अधिकारी, २०४९ : पृ. ६९) । जुन शब्दको रूप परिवर्तन हुँदैन अर्थात् जुन शब्दलाई टुक्र्याउन सकिँदैन त्यस्ता शब्द मूल शब्द र जुन शब्दको रूप परिवर्तन भएको छ अर्थात् जुन शब्दलाई टुक्र्याउन सकिन्छ त्यस्ता शब्द व्युत्पन्न शब्द हुन् ।

### २.२.४.१ मूल शब्द

टुक्रा गर्न नमिल्ने शब्दलाई मूल शब्द भनिन्छ । मूल शब्दलाई मुख्य शब्द पनि भनिन्छ । कुनै एक मूल शब्दबाट एकभन्दा बढी व्युत्पादन गर्न सकिन्छ । मूल शब्दमा उपसर्ग, प्रत्यय लागेको हुँदैन । जस्तै : भोज, केश, घृणा, गुरु, आज, हुल आदि ।

### २.२.४.२ व्युत्पन्न शब्द

जुन शब्दको रूप परिवर्तन भएको छ अर्थात् जुन शब्दलाई टुक्र्याउन सकिन्छ, त्यस्ता शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । व्युत्पन्न शब्द मूल शब्दको आधारमा निर्माण गरिन्छ । जस्तै : आफ्नो, परलोक, गुनासो, मायालु आदि ।

## २.२.५ कार्यका आधारमा शब्दको वर्गीकरण

वाक्यमा विभिन्न सन्दर्भमा आएर शब्दले भिन्न-भिन्न कार्य गरेको हुन्छ । शब्दले गर्ने कार्यका आधारमा शब्दलाई विभिन्न वर्गमा वर्गीकरण गरिएको हुन्छ । यस्ता शब्दलाइ मूलतः विकारी र अविकारीअन्तर्गत विभाजन गरिएको छ । रूप चल्ने तथा रूपमा परिवर्तन हुने अथवा विकार देखिनेलाई विकारी र त्यस्तो नहुनेलाई अविकारी भनिन्छ । विकारीभित्र नाम, सर्वनाम, विशेषण र क्रिया एवम् अविकारीभित्र चाहिँ अव्यय वर्गका सबै शब्दहरू पर्दछन् (अधिकारी, २०७१ : पृ. २३) । शब्दले वाक्यमा गर्ने कार्यअन्तर्गत पर्ने नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी छुट्याइएको छ ।

धारणात्मक अर्थ जनाउनेलाई कोशीय र संरचनात्मक कार्य जनाउनेलाई संरचनात्मक गरी शब्दहरूलाई दुई वर्गमा बाँडिन्छ, जसअनुसार शब्दवर्गलाई यसरी देखाउन सकिन्छ :

शब्द
- संरचनात्मक
  - सर्वनाम
  - नामयोगी
  - संयोजक
  - निपात, विस्मयादिबोधक
- कोशीय
  - नाम
  - विशेषण
  - क्रिया
  - क्रियायोगी

(अधिकारी, २०७१ : पृ. २३) । यिनीहरूको सामान्य परिचय तल दिइएको छ :

### २.२.५.१ नाम

नाम भनेको कुनै व्यक्ति, वस्तु, ठाउँ, अवस्था तथा यिनीहरूको भाव तथा पदार्थ बुझाउने शब्दलाई नाम भनिन्छ । नाम विकारी पदवर्गभित्र पर्दछ । परम्परागत व्याकरण

अनुसार नाम व्यक्तिवाचक, जातिवाचक, द्रव्यवाचक, समूहवाचक र भाववाचक गरी पाँच प्रकारमा विभाजन गरिएको छ (बराल र एटम, २०६८ : पृ. ५३) । जस्तै :

व्यक्तिवाचक नाम : राम, सीता, भानुभक्त, नेपाल आदि; जातिवाचक नाम : बाहुन, पहाड, विद्यार्थी, हिमाल आदि; समूहवाचक नाम : हुल, भिड, बथान, ताँती, थुप्रो, दर्जन आदि; द्रव्यवाचक नाम : सुन, चाँदी, हावा, पानी, दुध, तेल आदि; भाववाचक नाम : पाप, धर्म, माया, दया, स्नेह, सुख आदि ।

## २.२.५.२ सर्वनाम

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम पदावली, वाक्यांश वा वाक्यकै सट्टामा पनि प्रयुक्त हुन्छ । जस्तै : म, तँ, यो, त्यो, ऊ, तपाईं, यहाँ, उहाँ, जो, को, आफू आदि हुन् (बराल र एटम, २०६८ : पृ. ५४) । सर्वनामलाई पनि यसको कार्यको आधारमा पाँच भागमा वर्गीकरण गरिएको छ । जस्तै :

पुरुषवाचक सर्वनाम : म, हामी, तपाईं, ऊ, उनी आदि; दर्शकवाचक सर्वनाम : यो, यी, यिनीहरू, त्यो, ती, तिनीहरू आदि; सम्बन्धवाचक सर्वनाम : जो, जे, जुन, जुनसुकै आदि; प्रश्नवाचक सर्वनाम : को, कुन, कोही, कुनै आदि; निजवाचक सर्वनाम : आफू, आफै, स्वयम् आदि ।

## २.२.५.३ विशेषण

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पदलाई विशेषण भनिन्छ । वाक्यमा कुन, कस्तो, कत्रो, कति प्रश्नको उत्तरमा आउने शब्द नै विशेषण हो (बराल र एटम, २०६८ : पृ. ५६) । विशेषणलाई पनि पाँच भागमा विभाजन गरिएको छ :

गुणबोधक विशेषण : गुलियो, मिठो, खराब, सानो आदि; परिमाणबोधक विशेषण : अलिकति, थोरै, धेरै, सम्पूर्ण आदि; सर्वनामिक विशेषण : यो, त्यो, यी, जो आदि; सङ्ख्याबोधक विशेषण : एउटा, प्रथम, दोस्रो, बीसौँ आदि; भेदक विशेषण : को, का, की, रो, रा, री, नो, ना, नी आदि ।

### २.२.५.४ क्रियापद

क्रियाविना भाषामा आफ्ना भाव र विचारलाई व्यक्त गर्न सकिँदैन । क्रियालाई वाक्यमा समापक (वाक्य टुङ्ग्याउने) पदका रूपमा लिइन्छ (अधिकारी, २०७१ : पृ. ११३) । वाक्यको व्यवस्थामा क्रियाको केन्द्रीय महत्त्व हुन्छ । यो वाक्यमा विधेय पदावलीको शीर्ष भएर आउँछ । सामान्यतया क्रियाको अभावमा वाक्य अपूर्ण मानिन्छ । वाक्यमा आउने अन्य शब्दहरूलाई सङ्गठित गर्न यसको भूमिका रहन्छ । नेपाली व्याकरणमा क्रियापदलाई यसरी वर्गीकरण गरिएको छ :

| आधार | प्रकार |
|---|---|
| (क) समापकताका आधार | (क) समापिका र असमापिका |
| (ख) कर्मकताका आधार | (ख) सकर्मक, अकर्मक र द्विकर्मक |
| (ग) अर्थप्रधानताका आधार | (ग) मुख्य र सहायक |
| (घ) संरचनाका आधार | (घ) सरल र संयुक्त |
| (ङ) पूर्णताका आधार | (ङ) पूर्ण, अपूर्ण र पुरकापेक्षी |

(न्यौपाने र न्यौपाने, २०६३ : पृ. ११५)

### २.२.५.५ क्रियायोगी

क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । त्यसैले क्रियायोगीलाई क्रियाको अधीनस्थ मानिन्छ । क्रियायोगीद्वारा रीति, परिमाण आदि विशेषता र काल, स्थान आदि परिवेश बुझिने हुन्छ । यसले वाक्यमा क्रियायोगिकको कार्य गर्ने हुन्छ । त्यसैले यो वाक्यमा ऐच्छिक घटक बनेर आउँछ (अधिकारी, २०७१ : पृ. ५४) । जस्तै - हिजो, बिहान, तल, माथि, जसरी, यति, उति, कता, मुनि, झमक्क आदि ।

### २.२.५.६ नामयोगी

वाक्यमा क्रिया वा अन्य शब्दको नामसँग विभिन्न अर्थ सम्बन्ध जनाउने आउने शब्दहरूलाई नामयोगी भनिन्छ । नामिक पदको पछाडि आउने हुँदा नामयोगीलाई पश्चस्थानिक पनि भन्न सकिन्छ (अधिकारी, २०७१ : पृ. ६५) । जस्तै : सँग, सित, विना, बाहेक, लागि, खातिर, केवल, मध्ये, सामु, निर, नजिक, पूर्व आदि ।

### २.२.५.७ संयोजक

दुई वा दुईभन्दा बढी पदावली वा वाक्य जोड्न आउने अव्यय शब्दलाई संयोजक भनिन्छ । संयोजकले शब्द, पदावली तथा वाक्य, उपवाक्यलाई जोड्ने काम गर्दछ । संयोजकलाई पनि दुई भागमा विभाजन गरिएको छ (बराल र एटम, २०६८ : पृ. ६२) । सापेक्ष संयोजक : जब, तब, जहाँ, तहाँ, यद्यपि आदि । निरपेक्ष संयोजक : र, अनि, पनि, किनभने आदि ।

### २.२.५.८ विस्मयादिबोधक

केही शब्दहरूले प्रायः वाक्यका अगाडि पृथक् रूपमा आई त्यसमा व्यक्त अवधारणामाथि हर्ष, आश्चर्य, दुःख, घृणा, उपहास, सहमति वा असहमति आदि विभिन्न मनोभाव जनाउन सघाउँछन् । यस्ता शब्दलाई विस्मयादिबोधक भनिन्छ (अधिकारी, २०७१ : पृ. ८०) । यसलाई विस्मयसूचकले (!) चिह्नले सूचित गरिन्छ । जस्तै : ओहो !, धत् !, आहा !, लौ !, थुक्क !, कठै !, धत् ! आदि ।

### २.२.५.९ निपात

निकटवर्ती शब्दको अर्थलाई वा वाक्यार्थलाई नै द्योतन गर्न आउने अव्यय शब्द निपात हुन् । अव्यय भए पनि यी क्रियायोगी, नामयोगी र संयोजकबाट स्पष्टतः भिन्न हुन्छन् । यस्ता निपातहरूले पदावली तथा वाक्यहरूमा खास पद वा वाक्यकै अर्थलाई उजिल्याउन मद्दत गर्ने हुँदा यिनको छुट्टै अर्थ हुँदैन । प्रयोग सन्दर्भबाट मात्र अर्थको अनुमान गर्नुपर्ने हुन्छ (अधिकारी, २०७१ : पृ. ७७) । जस्तै : नै, मात्र, केवल, चाहिँ, पनि, ल, है, न, नि, र, त, पो, क्या आदि ।

यसरी पदवर्ग छुट्याउनका लागि शब्दवर्गको राम्रो अध्ययन तथा अध्यापन गराउनु पर्दछ । यदि पदवर्गको उचित ज्ञान नभएमा अर्थको अनर्थ पनि लाग्न सक्छ । तसर्थ पदवर्गको उचित पहिचानका लागि यसको अध्ययन हुनु शैक्षणिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

# अध्याय : तीन

# शोधविधि र प्रक्रिया

# अध्याय : तीन

# शोधविधि र प्रक्रिया

यस "कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन" शीर्षकमा शोधकार्य गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस अध्ययनअन्तर्गत सामग्री सङ्कलनको प्रमुख आधार सामग्रीका रूपमा शोधशीर्षकमा उल्लेख गरिएको कक्षा सातको नेपाली पाठ्यपुस्तकलाई नै मूल सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय विधिमा आधारित रहेको छ भने सङ्कलित शब्दावलीको अध्ययन र विश्लेषणका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ । प्रस्तुत शोधकार्यका लागि निम्नलिखित शोधप्रक्रियाको अवलम्बन गरिएको छ :

## ३.१ नमुना छनोट

यस अध्ययनमा कक्षा सातको नेपाली किताबअन्तर्गत कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययनलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३.२ सामग्री निर्माण

कक्षा सातको नेपाली किताबमा समाविष्ट कथा विधालाई आधार मानेर शब्दहरूको चयन गरिएको छ । यस क्रममा कक्षा सातको नेपाली किताबमा रहेका कथा विधालाई आधार मानेर शब्दहरूको स्रोत, बनोट र कार्यलाई सामग्री मानेर सामग्रीको मानकीकरण गरेर शब्दलाई व्याख्या र विश्लेषण गर्दै अध्ययनका लागि आवश्यक सामग्री र सामग्रीको मानकीकरण गर्ने प्रयत्न गरिएको छ ।

कक्षा सातको नेपाली विषयमा प्रयुक्त शब्दहरूको सङ्ख्या पत्ता लगाउनका लागि प्रत्येक पृष्ठबाट शब्दहरूको गणना गरी शब्दकोशको सहायताले शब्दहरूको स्रोत, बनोट र पदवर्ग खोजिएको छ । यस अध्ययन कार्यलाई शब्द, स्रोत, बनोट र कार्यका आधारमा शब्दको सङ्ख्या उल्लेख गरिएको छ । उक्त शब्दहरूको स्रोत, बनोट र कार्यगत आधारमा तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

## ३.३ सामग्री सङ्कलन

सर्वप्रथम कक्षा सातको नेपाली किताबको कथा विधाहरूबाट शब्द सङ्कलन गरिएको छ । ती शब्दहरूलाई स्रोत, बनोट र पदवर्गका आधारमा शबदहरू राखिएको छ । पुस्तकालयीय विधिअन्तर्गत रहेर नेपाल सरकारद्वारा कक्षा सातको लागि तयार पारिएको नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको छ । ती शब्दहरूलाई स्रोत, बनोट र कार्यका आधारमा तालिकीकरण, विश्लेषण र निष्कर्ष समेत निकालिएको छ । शब्दहरूको गणना गर्दा पुनरावृत्ति भएका शब्दहरूलाई समावेश गरिएको छैन ।

सामग्री सङ्कलनका कार्यहरू यसप्रकार छन् :

(क) प्राथमिक स्रोत

(ख) द्वितीयक स्रोत

### ३.३.१ प्राथमिक स्रोत

कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययन भएकाले कक्षा सातको कथा विधालाई नै प्राथमिक स्रोतका रूपमा स्वीकार गरी सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

कक्षा सातको नेपाली किताबको कथा विधामा प्रयोग भएका शब्दहरूको अध्ययनका लागि विभिन्न शोधकर्ताद्वारा गरिएको शोधकार्यको सहयोग लिइएको छ । माध्यमिक र आधारभूत तहका भाषा विषयसँग सम्बन्धित विभिन्न शीर्षकमा भएका शोधकार्यलाई बढीभन्दा बढी सन्दर्भ सामग्रीको रूपमा लिई अध्ययन कार्य अगाडि बढाइएको छ । विशेष गरी शब्दभण्डारसँग मेल खाने विषय सहयोगी बनेका छन् । त्यसै गरी पुस्तकालयमा भएका सम्बन्धित पुस्तक, नेपाली विषयका अनुभवी शिक्षक-शिक्षिका, विषय विशेषज्ञहरूको राय, सल्लाह र सुझाव लिँदै यस शोधकार्यलाई अगाडि बढाइएको छ । यसरी विज्ञहरूको सुझावलाई नै सर्वोपरी ठानी यस शोधकार्यलाई सफल बनाउनका लागि द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्कको व्याख्या/विश्लेषण

प्रस्तुत अध्ययनमा शब्दको स्रोत, बनोट र कार्यलाई छुट्टाछुट्टै तालिकामा देखाइएको छ । तालिका र स्तम्भ चित्रका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । कक्षा सातको

नेपाली किताबको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन गरी व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाई तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## ३.५ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नलिखित रहेको छ :

**अध्याय एक : शोध परिचय**

प्रस्तुत शोधको अध्याय एकमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन प्रस्तुत गरिएको छ ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप**

शोधपत्रको अध्याय दुईमा पूर्वकार्यको समीक्षा, शब्दभण्डारको अवधारणा प्रस्तुत गरिएको छ ।

**अध्याय तीन : शोधविधि र प्रक्रिया**

शोधपत्रको अध्याय तीनमा शोधविधि र प्रक्रियाअन्तर्गत नमुना छनोट, सामग्री निर्माण, सामग्री सङ्कलन, व्याख्या र विश्लेषण र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय चार : व्याख्या एवम् विश्लेषण**

शोधपत्रको अध्याय चारमा शब्दस्रोत, पदवर्ग र व्युत्पत्तिलाई आधार मानेर प्रत्येकको तालिकीकरण गरी स्तम्भचित्रमा देखाइएको छ ।

**अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता**

शोधपत्रको अन्तिम अध्यायमा शोधकार्यको सारांश, निष्कर्ष, उपयोगिता, सुझाव र भावी अनुसन्धानका सम्भावित शीर्षकहरू प्रस्तुत गरिएको छ ।

# अध्याय : चार

# व्याख्या एवम् विश्लेषण

# अध्याय : चार

# व्याख्या एवम् विश्लेषण

## ४.१ विषय प्रवेश

प्रस्तुत अध्ययनमा शब्दको कार्य, स्रोत र बनोटका आधारमा छुट्टाछुट्टै तालिकामा देखाइएको छ । तालिका र प्रतिशतका आधारमा त्यसको व्याख्या एवम् विश्लेषण गर्ने कार्य गरिएको छ । व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अपनाई तथ्याङ्कहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

## ४.२ कार्यका आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण

*मामालाई सुधार्ने भान्जो* कथामा २४० ओटा शब्दहरू रहेका छन् । तीमध्ये नाम शब्द ८३, सर्वनाम १९, विशेषण ३५, क्रियापद ५५, क्रियायोगी २८, नामयोगी ६, संयोजक ५, विस्मयादिबोधक ४ र निपात ६ ओटा रहेका छन् । सबैभन्दा बढी नाम शब्द रहेका छन् भने सबैभन्दा कम विस्मयादिबोधक शब्द रहेका छन् । तुलनात्मक रूपमा हेर्दा नामपछि बढी क्रियापद शब्द रहेका छन् । विस्मयादिबोधकपछि संयोजक शब्द रहेका छन्, जसलाई निम्नानुसार तालिकाबद्ध गरिएको छ :

**तालिका सङ्ख्या - १**


**कार्यका आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| गाउँ, मानिस, काम, दिदी, भिनाजु, छोरो, भान्जा, ठग, विद्या, समय, घर, जवाफ, आमा, घोडा, उत्तर, जवान, लिदी, चाँदी, दिसा, टुक्रा, कुरा, दाना, तबेला, आश्चर्य, फाइदाजनक, सट्टा, सुरु, आनाकानी, जिद्दी, दाम, बाटो, स्याहार, सुसार, घाँस, क्षतिपूर्ति, खरायो, स्वागत, भलकुमारी, प्रस्ताव, खाना, टाउको, आगो, मेवा, मिष्ठान्न, भोजन, आदेश, कुखुरा, मासु, हतार, बाटैबाटो, छिन, साँप्रो, सौभाग्य, खुसी, सामान, सहयोग, गति, मोल, बिदा, भूइँ, मालिक, मालिक्नी, सन्चेश, अँध्यारो, खबर, छिमेकी, बिहे, भान्सा, सुसार, नियत, माइजु, बोरा, काँध, नदी, उँट, मित्र, थकाइ, पानी, काँडो, भगवान्, धन्यवाद, जनावर, भनाभन | ऊ, कुनै, अरू, केही, त्यो, तँ, तपाईं, यो, म, यस, हाम्रो, हजुर, तिम्री, त्यस, आफू, उस, त्यहाँ, तिमी, निकै | एउटा, आफ्नो, राम्रो, कति, एक, ठूलो, सोझा, दुब्लो, पातलो, लिखुरे, यस्तो, लक्का, चानचुने, चकित, महङ्गो, निकै, कलिलो, बेकार, लाभदायी, सामान्य, चिप्लो, लामकाने, अलप, आफ्ना, जस्तो, गतिला, त्यस्तो, नराम्रो, मख्ख, श्रीमती, नानाभाँती, गलत, सफल, चुर, सम्भव | हुनु, गर्नु, बस्नु, सिकाउनु, हिँड्नु, भन्नु, दिनु, लाग्नु, पुग्नु, टेक्नु, सुहाउनु, पत्याउनु, ढोग्नु, घुम्नु, देख्नु, लैजानु, बेच्नु, खानु, निकाल्नु, थाल्नु, दल्नु, मर्नु, स्वीकार्नु, कन्याउनु, पाउनु, छोड्नु, ल्याउनु, ठान्नु, पर्नु, आउनु, बक्बनु, दौडनु, झिक्नु, सोध्नु, रिसाउनु, जानु, गर्जनु, फाल्नु, पर्नु, उफ्रनु, देख्नु, आत्तिनु, सजाउनु, कुर्नु, माग्नु, मुस्कुराउनु, फसाउनु, मिलाउनु, च्यात्नु, बच्नु, मिसाउनु, हेर्नु, पिट्नु, नढोग्नु, नघुम्नु | प्रायः, दिनभर, त्यहाँ, अब, अघि, टन्न, वरिपरि, अति, पछि, कति, भोलिपल्ट, दनादन, आज, पुनः बिहानै, अन्त, तुरुन्त, देखि, यसपालि, पर, पछि, खुर्र, नजिक, बल्ल, भन्दै, बल्लतल्ल, अलि, तल | लाई, तिर, सित, कहाँ, बाट, सँग | तर, बरु, अनि, पनि, र | अहो, कि, हत्तेरी, कता | मात्र, चाहिँ, त, नै, नि, पो |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १**

**कार्यका आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*मामालाई सुधार्ने भान्जो* कथामा जम्मा २४० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा कार्यगत रूपमा नाम शब्द ३४ प्रतिशत, सर्वनाम ८ प्रतिशत, विशेषण १४ प्रतिशत, क्रियापद २३ प्रतिशत, क्रियायोगी ११ प्रतिशत, नामयोगी २.५ प्रतिशत, संयोजक २ प्रतिशत, विस्मयादिबोधक २ प्रतिशत र निपात २.५ प्रतिशत रहेका छन् । यसरी गरिएको विश्लेषणमा सबैभन्दा बढी नाम शब्द र सबैभन्दा कम संयोजक र विस्मयादिबोधक शब्दहरू रहेका छन् ।

## ४.३ स्रोतका आधारमा मामालाई सुधार्ने भान्जो कथाको वर्गीकरण

*मामालाई सुधार्ने भान्जो* कथामा जम्मा २४० शब्द रहेका छन् । ती शब्दहरूमध्ये तत्सम शब्द ३१ ओटा रहेका छन् भने तद्भव शब्द १९१ र आगन्तुक शब्द १६ ओटा रहेका छन् । तुलनात्मक रूपमा हेर्दा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ । यसलाई अझ स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ :

**तालिका सङ्ख्या - २**


**स्रोतका आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**

| तत्सम | तद्भव | आगन्तुक |
| --- | --- | --- |
| प्रायः, दिनभर, विधा, समय, कति, दिन, मात्र, यति, उत्तर, आश्चर्य, चकित, अति, क्षतिपूर्ति, लाभदायी, पुनः, स्वागत, सामान्य, प्रस्ताव, अन्त, मेवा, मिष्ठान्न, भोजन, आदेश, सौभाग्य, सहयोग, श्रीमती, नदी, मित्र, सफल, धन्यवाद, सम्भव | गाउँ, सट्टा, सुरु, आनाकानी, आफ्नो, निकै, भिनाजु, माग्नु, मुस्कुराउनु, हत्तेरी, खरायो, भलाकुसारी, तुरुन्त, छोरो, आगो, लिन, लामकाने, हतार, कुखुरा, आलप, जस्तै, घर, ठग, साँप्रो, गतिला, आनाकानी, हेर, नराम्रो, मख्ख, पुरै, आमा, अँध्यारो, मुर्मुरिँदै, छिमेक, बिहे, सुरसार, नानाभाँती, घोडा, पिट्नु, भनाभन, माइजू, काँध, बोक्नु, फाल्नु, दिसा, लिदी, झाडी, उँट, नजिक, जानु, पछि बल्ल, काँडो, ऊ, म, उस, यो, च्यात्नु, उत्रनु, बोक्नु, हेर्नु, थकाइ, मानिस, टन्न, तपाइँ, काम, हुनु, गर्नु, बस्नु, सिकाउनु, हिँड्नु, भन्नु, यस, हाम्रो, दिनु, पुग्नु, टेक्नु, सुहाउनु, पत्याउनु, ढोग्नु, तिम्री, त्यस, घुम्नु, देख्नु, लैजानु, बेच्नु, खानु, निकाल्नु, त्यहाँ, तिमी, लाई, तिर, सित, कहाँ, बाट, सँग, तर, बरु, अनि, राम्रो, एक, पनि, र, अहो, कि, हत्तेरी, कता, चाहिँ, त, ठूलो, सोझा, फसाउनु, मिलाउनु, च्यात्नु, बच्नु, आत्तिनु, कुर्नु, दुब्लो, पातलो, माग्नु, मुस्कुराउनु, सोध्नु, रिसाउनु, जानु, गर्जनु, लिखुरे, फाल्नु, पर्नु, उफ्रनु, देख्नु, ल्याउनु, ठान्नु, यस्तो, चाँदी, आउनु, बम्कनु, दौडनु, झिक्नु, मर्नु, स्वीकार्नु, चानचुने, कन्याउनु, पाउनु, थाल्नु, ढल्नु, छोड्नु, आमा, अघि, महङ्गो, मिसाउनु, वरिपरि, पछि, दनादन, आज, नढोग्नु, नघुम्नु, कलिलो कुरा, बिहानै, देखि, यसपालि, पर, खुर्र, बल्ल, भन्दै, कुनै, बेकार, बल्लतल्ल, दिदी, अरू, कोही, त्यो, तँ, चिप्लो, त्यस्तो, चुर, नि, पो, लाग्नु, पिट्नु, टुक्रा, सट्टा, स्याहारसुसार, घाँस, मोल, दाम, पानी, बाटो, टाउको, पिर, दाना, खाना, मासु | जवाफ, लक्का, जवान, फाइदाजनक, तबेला, जिद्दी, खुसी, सामान, बिदा, खबर, हजुर, नियत, गलत, बोरा, जबरजस्ती, दाना |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - २**

**स्रोतका आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*मामालाई सुधार्ने भान्जो* कथामा रहेका २४० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा तत्सम शब्द १३ प्रतिशत, तद्भव शब्द ६९ प्रतिशत र आगन्तुक शब्द ६ प्रतिशत रहेका छन् । यस कथामा तत्सम शब्द र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको देखिन्छ ।

## ४.४ बनोटगत आधारमा मामालाई सुधार्ने भान्जो कथाको वर्गीकरण

बनोटगत आधारमा *मामालाई सुधार्ने भान्जो* कथामा २४० ओटा शब्दहरू रहेका छन् । ती शब्दमध्ये मूल शब्द १०४ ओटा र व्युत्पन्न शब्द १३६ ओटा रहेका छन् । तुलनात्मक रूपमा हेर्दा मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेका छन् । जसलाई अझ स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

**तालिका सङ्ख्या - ३**


**बनोटगत आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| गाउँ, मानिस, ऊ, अरू, काम, प्रायः, ठग, समय, कति, दिन, घर, सुरु, अति, दाम, बाटो, पुनः खरायो, अन्त, तुरुन्त, आगो, मेवा, मिष्ठान्न, भोजन, मासु, कुखुरा, अलप, साँप्रो, हरे, गति, बिदा, मख्ख, अँध्यारो, खबर, छिमेकी, हजुर, भान्सा, नियत, गलत, माइजू, बोरा, काँध, दिसा, उँट, नजिक, मित्र, अलि, तल, आश्चर्य, र, पनि, एक, कति, अनि, बरु, कि, मात्र, चाहिँ, त, नै, नि, पो, कता, सँग, आमा, दिदी, अब, अघि, टन्न, पछि, आज, पर, पछि, खुर, बल्ल, छोरो, भान्जा, ठग, जवाफ, आमा, घोडा, त्यो, तँ, उस, तपाइँ, यो, म, यस, आफू, तिमी, राम्रो, सोझा, दुब्लो, पातलो, लक्का, महङ्गो, कलिलो, चिप्लो, चाँदी, टुक्रा, कुरा, दाना, तबेला, स्याहारसुसार, घाँस | कुनै, एउटा, ठग्ने, गर्नु, भिनाजु, बस्नु, आफ्नो, दिनभर, भन्नु, विद्या, होइन, केही, बस्नु, त्यहाँ, केही, सुधार्नु, यति, लिखुरे, उत्तर, यस्तो, जस्तो, चानचुने, चकित, फाइदाजनक, सट्टा, आनाकानी, जिद्दी, निकै, भोलिपल्ट, क्षतिपूर्ति, माग्न, मुस्कुराउँदै, हत्तेरी, बेकार, लाभदायी, स्वागत, फसाउन, सामान्य, भलाकुसारी, प्रस्ताव, लिन, लामकाने, हतार, जस्तै, पहिलेदेखि, सौभाग्य, खुसीमा, गतिला, आनाकानी, सहयोग, त्यस्तो, नराम्रो, सन्देश, पुरै, श्रीमती, मुर्मुरिँदै, बिहे, आउनु, सुरसार, नानाभाँती, पिट्नु, भनाभन, जबरजस्ती, नदी, फाल्नु, झाडी, हट्नु, मख्ख, गर्नु, च्यात्नु, सफल, उत्रनु, बच्नु, धन्यवाद, बोक्नु, सम्भव, हुनु, सिकाउनु, हिँड्नु, दिनु, लाग्नु, पुग्नु, टेक्नु, सुहाउनु, पत्याउनु, ढोग्नु, घुम्नु, देख्नु, लैजानु, बेच्नु, खानु, निकाल्नु, थाल्नु, ढल्नु, मर्नु, स्वीकार्नु, कन्याउनु, पाउनु, छोड्नु, ल्याउनु, ठान्नु, पर्नु, आउनु, बम्कनु, दौडनु, झिक्नु, सोध्नु, रिसाउनु, जानु, गर्जनु, उर्फनु, देख्नु, आत्तिनु, सजाउनु, कुर्नु, माग्नु, मुस्कुराउनु, फसाउनु, मिलाउनु, मिसाउनु, वरिपरि, दनादन, हेर्नु, नढोग्नु, नघुम्नु, बिहानै, देखि, यसपालि, भन्दै, बल्लतल्ल, लिदी, कोही, हाम्रो, तिम्री, त्यस, त्यहाँ, ठूलो, चुर |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ३**

**बनोटगत आधारमा मामालाई सुधार्ने भान्जो कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*मामालाई सुधार्ने भान्जो* कथामा रहेका २४० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा मूल शब्द ४३ प्रतिशत र व्युत्पन्न शब्द ५७ प्रतिशत रहेको छ । व्युत्पन्न शब्दभन्दा मूल शब्द कम रहेको पाइन्छ ।

## ४.५ कार्यका आधारमा सातदिने सभाको वर्गीकरण

*सातदिने सभा* कथामा जम्मा १८० ओटा शब्दहरू रहेका छन् । पुनरावृत्ति भएका शब्दलाई यहाँ राखिएको छैन । ती शब्दहरूमध्ये कार्यगत आधारमा हेर्दा नाम ६६ ओटा, सर्वनाम ९ ओटा, विशेषण २६ ओटा, क्रियापद ४२ ओटा, क्रियायोगी २२ ओटा, नामयोगी ५ ओटा, संयोजक ५, विस्मयादिबोधक १ ओटा र निपात ४ ओटा रहेका छन् । स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या - ४**


**कार्यका आधारमा सातदिने सभा कथाका शब्दको वर्गीकरण**

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| सागर, पाठशाला, बाटो, पाटी, छानो, ठाउँ, बहिनी, गङ्गा, झरी, मुन्टो, दाइ, ओत, बल, ज्वरो, बिरामी, घुमफिर, बिसन्चो, थकाइ, सभा, हप्ता, कुराकानी, योजना, छलफल, चलन, समस्या, समाधान, निधो, शुक्रबार, भात, बुबा, सभाध्यक्ष, अतिथि, भाइ, जुरेली, उद्घोषक, सहभागी, सदस्य, छलफल, गल्ती, हेला, मौका, कानुन, पाल, सभाकोठा, जम्मा, छेउ, विषय, पालो, अनुमति, प्रस्ताव, वक्ता, अनुरोध, सम्बोधन, विचार, पिर, घाम, बटुवा, बास, पाटीपौवा, अस्पताल, बिसर्जन, पँधेरा, दिन, आमा | उस, यो, के केही, ऊ, आफ्नी, यी, त्यो, अरू | एउटा, पुरानो, एक, लामो, भताभुङ्ग, सानो, मुसलधारे, सिमसिमे, छिटो, आउँदो, ठूलो, विशेष, सरह, जरुरी, नयाँ, पहिलो, आदरणीय, छिट्टै, ठीक, यत्ति, सजिलो, जस्तो, बढी, यस्तै, त्यसो, सबै | बनाउनु, झत्कनु, फर्काउनु, रुझ्नु, सुत्नु, मार्नु, बन्नु, राख्नु, जोगाउनु, सुनाउनु, सच्याउनु, जानु, चुहिनु, दखाउनु, नछाउनु, होइन (नहुनु), रोकिन, हिँड्नु, पर्नु, हुनु, भन्नु, देख्नु, पाउनु, नबस्नु, गर्नु, आउनु, लाग्नु, मार्नु, नलाग्नु, नसक्नु, आइपर्नु, बस्नु, दिनु, राख्नु, सोध्नु, नपाउनु, सुनाउनु, भनुँ, सच्याउनु, बोलाउनु, जानु, ठान्नु | किन, गर्ल्यामगुर्लुम, एकपल्ट, फेरि, कतिपल्ट, कसले, यसरी, फर्काएर, हरेक, बेलुका, सकेपछि, निर्धक्क, सकेर, भएकाले, पहिले, बोल्ने, चुहिएपछि, देखेर, रुझेर, बसेर, त्यसरी, भोलि | तिर, निम्ति, सबैभन्दा, सँग, लाई | र, तर, भने, पनि, त्यसैले | भो | हकि, मात्र, नै, त |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ४**

**कार्यका आधारमा सातदिने सभा कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सातदिने सभा* कथामा जम्मा १८० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा कार्यगत रूपमा नाम शब्द ३६ प्रतिशत, सर्वनाम शब्द ५ प्रतिशत, विशेषण शब्द १४ प्रतिशत, क्रियापद २३ प्रतिशत, क्रियायोगी १५ प्रतिशत, नामयोगी ३ प्रतिशत, संयोजक ३ प्रतिशत, निपात १.५ प्रतिशत र विस्मयादिबोधक ०.५ प्रतिशत रहेका छन् । यसरी गरिएको विश्लेषणमा सबैभन्दा बढी नाम शब्द र सबैभन्दा कम विस्मयादिबोधक शब्दहरू रहेका छन् ।

## ४.६ स्रोतका आधारमा सातदिने सभा कथाको वर्गीकरण

*सातदिने सभा* कथामा जम्मा १८० ओटा शब्दहरू रहेका छन् । ती शब्दहरूमध्ये ३० ओटा तत्सम शब्द, १४५ ओटा तद्भव र ५ ओटा आगन्तुक शब्द रहेका छन् । तुलनात्मक रूपमा तद्भव शब्द बढी रहेको देखिन्छ, जसलाई स्पष्ट पार्नको लागि तालिका र स्तम्भचित्रमा देखाउन सकिन्छ :

## तालिका सङ्ख्या - ५


## स्रोतका आधारमा सातदिने सभा कथाका शब्दको तालिका

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| दिन, सागर, गङ्गा, बल, सभा, योजना, पाठशाला, चलन, समस्या, समाधान, शुक्रबार, सभाध्यक्ष, अतिथि, उद्घोषक, सहभागी, सदस्य, हेला, पालना, सभाकोठा, अरू, विषय, अनुमति, प्रस्ताव, वक्ता, अनुरोध, सम्बोधन, विचार, बिसर्जन, दिन, मात्र विशेष, आदरणीय | गाउँ, झरी, मुन्टो, दाइ, ओत, ज्वरो, बिरामी, घुमफिर, बिसन्चो, थकाइ, पाटी, छानो, ठाउँ, बहिनी, झरी, हप्ता, कुराकानी, छलफल, निधो, भात, बुबा, भाइ, जुरेली, जम्मा, छेउ, पालो, पिर, घाम, थकाइ, बटुवा, बास, पाटीपौवा, पँधेरो, बनाउनु, झत्कनु, फर्काउनु, सुझ्नु, सुत्नु, मार्नु, बन्नु, राख्नु, जोगाउनु, सुनाउनु, सच्याउनु, जानु, चुहिनु, देखाउनु, नछाउनु, होइन, रोकिनु, हिँड्नु, पर्नु, गर्ल्यामगुर्लुम्, एकपल्ट, फेरि, कतिपल्ट, थाल्नु, कसले, यसरी, फर्काएर, हरेक, बेलुका, सकेपछि, निर्धक्क, सकेर, भएकाले, पहिले, बोल्ने, चुहिएपछि, निम्ति, सबैभन्दा, आफ्नी, के, उस, भो, हकि, एउटा, पुरानो, एक, लामो, भताभुङ्ग, सानो, मुसलधारे, सिमसिमे, छिटो, आउँदो, ठूलो, सरह, नयाँ पहिलो, छिट्टै, ठीक, यत्ति, सजिलो, केही, कसरी, देखेर ,बढी, सोध्नु, नपाउनु, सुनाउनु, बसेर, त्यो, सँग, अरू, नै, लाई, यो के, ऊ, भनुँ, सच्याउनु, बोलाउनु, यस्तै, भोलि, सबै, आफ्नी, यी, र, तर, भने, त, जानु, ठान्नु, पनि, आमा, बुबा, जस्तो, त्यसरी, त्यसैले, त्यसो हुनु, भन्नु, देख्नु, पाउनु, नबस्नु, गर्नु, आउनु, लाग्नु, नलाग्नु, नसक्नु, आइपर्नु, बस्नु, दिनु, राख्नु | गल्ती, मौका, कानुन, अस्पताल, जरुरी |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

## चित्र सङ्ख्या - ५

## स्रोतगत आधारमा सातदिने सभा कथाका शब्दको वर्गीकरण




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सातदिने सभा* कथामा रहेका १८० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा तत्सम शब्द १६ प्रतिशत, तद्भव शब्द ८१ प्रतिशत र आगन्तुक शब्द ३ प्रतिशत रहेका छन् । यस कथामा तत्सम शब्द र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको देखिन्छ ।

## ४.७ बनोटगत आधारमा सातदिने सभा कथाको वर्गीकरण

*सातदिने सभा* कथामा जम्मा १८० ओटा शब्दहरू रहेका छन् । ती शब्दहरूमध्ये ६० ओटा मूल शब्द रहेका छन् भने १२० ओटा व्युत्पन्न शब्दहरू रहेका छन् । यस तालिकामा शब्दगत पुनरावृत्तिलाई भने उल्लेख गरिएको छैन । तुलनात्मक रूपमा व्युत्पन्न शब्दहरू मूल शब्दभन्दा बढी रहेको देखिन्छ, जसलाई स्पष्ट पार्नको लागि तलको तालिका र स्तम्भचित्रमा देखाइन्छ ।

**तालिका सङ्ख्या - ६**


**बनोटगत आधारमा सातदिने सभा कथाका शब्दको वर्गीकरण**

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| सागर, बाटो, पाटी, छानो, बहिनी, गङ्गा, दाइ, ओत, बल, बिरामी, सभा, ठाउँ, समस्या, निधो, भात, भाइ, हेला, मौका, कानुन, जम्मा, छेउ, अरू, पिर, घाम, बास, अस्पताल, दिन, के, उस, भो, हकि, मात्र, पुरानो, एक, लामो, सानो, छिटो, सरह, नयाँ, पहिलो, छिट्टै, ठीक, सजिलो, त्यो, सँग, नै, लाई, भोलि, सबै, अरू, यी, यो, के, ऊ, र, तर, पनि, त, आमा, बुबा | पाठशाला, झारी, मुन्टो, ज्वरो, घुमफिर, बिसन्चो, थकाइ, हप्ता, कुराकानी, योजना, छलफल, चलन, समाधान, शुक्रबार, सभाध्यक्ष, अतिथि, जुरेली, उद्घोषक, सहभागी, सदस्य, गल्ती, पालना, सभाकोटा, विषय, पालो, अनुमति, प्रस्ताव, वक्ता, अनुरोध, सम्बोधन, विचार, थकाइ, बटुवा, पाटीपौवा, बिसर्जन, पँधेरो, बनाउनु, झत्कनु, फर्काउनु, रुझ्नु, सुत्नु, मार्नु, बन्नु, राख्नु, जोगाउनु, सुनाउनु, सच्याउनु, जानु, चुहिनु, देखाउनु, नछाउनु, होइन, रोकिनु, हिँड्नु, पर्नु, गल्ती, मौका, कानुन, अस्पताल, गर्ल्यामगुर्लुम, एकपल्ट, फेरि, कतिपल्ट, थाल्नु, कसले, यसरी, फर्काएर, हरेक, बेलुका, सक्नु, निर्धक्क, भएकाले, पहिले, बोल्ने, चुहिएपछि, निम्ति, सबैभन्दा, आफ्नी, एउटा, भताभुङ्ग, मुसलधारे, सिमसिमे, आउँदो, ठूलो, विशेष, जरुरी, आदरणीय, यत्ति, केही, कसरी, बढी, देखेर, बसेर, त्यसरी, त्यसैले, यस्तै, त्यसो, हुनु, भन्नु, देख्नु, पाउनु, नबस्नु, गर्नु, आउनु, मार्नु, नलाग्नु, नसक्नु, आइपर्नु, आफ्नी, भने, जस्तो, बस्नु, दिनु, राख्नु, सोध्नु, नपाउनु, सुनाउनु, भनुँ, सच्याउनु, बोलाउनु, जानु, ठान्नु |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ६**

**बनोटगत आधारमा सातदिने सभा कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सातदिने सभा* कथामा रहेका १८० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा मूल शब्द ३३ प्रतिशत र व्युत्पन्न शब्द ६७ प्रतिशत रहेका छन् । मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेका छन् ।

## ४.८ कार्यका आधारमा सुन उगेल्ने भाले कथाको वर्गीकरण

*सुन उगेल्ने भाले* कथामा जम्मा १८२ ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये नाम शब्द ६९ ओटा, सर्वनाम १० ओटा, विशेषण शब्द ३४ ओटा, क्रियापद शब्द ४८ ओटा, क्रियायोगी शब्द ८ ओटा, नामयोगी शब्द ३ ओटा, संयोजक शब्द ५ ओटा, विस्मयादिबोध ० र निपात शब्द ५ ओटा रहेका छन् ।

## तालिका सङ्ख्या - ७


## कार्यका आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण

| नाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक | निपात | सर्वनाम |
|---|---|---|---|---|---|---|---|---|
| अरूण, उपत्यका, किराँत, राजा, राज्य, रैति, तिरो, गरिब, देश, हमला, झगडा, कचिङ्गल, शान्ति, उपाय, पारुहाङ, बेथिति, सुन, पेरुङ्गो, दरबार, भाले, घाम, कुखुरी, डल्लो, दानापानी, बन्दोबस्त, कोठाचोटा, बयान, बिहान, चरा, जङ्गल, परिचालन, सेनापति, पतकर, भारदार, सल्लाह, जुक्ति, चित्त, उर्दी, रहर, व्यक्ति, मकालु, हिमाल, पाटो, चिचिला, पाताल, पतिङ्गर, सप्तकोसी, जाल, डोरी, रुख, उद्देश्य, बेग, बगर, ढुङ्गा, डुङ्गा, क्वाँक, कम्मर, बाँसुरी, धुन, हाक्पारे, भाका, चारो, बगर, सम्पर्क, डाँडा, काँध, आँगन, जिम्मा, टाउको | थुप्रै, त्यस्ता, ससाना, सम्पन्न, हैरान, महत्त्वाकाङ्क्षी, बेमेल, दङ्ग, सारा, चिन्तित, अनेक, तीन, उपस्थित, मध्ये, आवश्यक, बलियो, साहसी, सशङ्कित, प्रभावित, आकर्षित, रित्तै, निराश, छक्क, सम्भव, नम्र, ठूलो, सबै, एक, झैँ, धेरै, तिनै, तेस्रो, मिठो, यत्ति | भन्नु, हुनु, गर्नु, पुग्नु, सुन्नु, फर्कनु, बास्नु, उगेल्नु, पर्नु, भर्नु, थाल्नु, फैलिनु, भाग्नु, लाग्नु, हराउनु, बोलाउनु, सोध्नु, बुझ्नु, सोच्नु, बनाउनु, जानु, ल्याउनु, आउनु, पठाउनु, देख्नु, सक्नु, फस्नु, थाप्नु, हकार्नु, झर्नु, बस्नु, बुझ्नु, छर्नु, बित्नु, जानु, सुन्नु, हेर्नु, देख्नु, झुल्किनु, बाँड्नु, निकाल्नु, थुन्नु, हडबडाउनु, समाउनु, पछ्याउनु, पक्रनु, खियाउनु, बजाउनु | उहिले, पछि, अब, यसरी, भोलिपल्ट, त्यतै, वारिपारि, पर | बाट, तर्फ, लाई | पनि, र, तथा, तर, कि | | नै, न, त, नि, पो | अर्को, यस, उनी, आफैँ, त्यस, केही, त्यो, म, ऊ, यो |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ७**

**कार्यका आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सुन उगेल्ने भाले* कथामा जम्मा १८२ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा कार्यगत रूपमा नाम शब्द ३८ प्रतिशत, सर्वनाम शब्द ६ प्रतिशत, विशेषण १९ प्रतिशत, क्रियापद २६ प्रतिशत, क्रियायोगी ४ प्रतिशत, नामयोगी २ प्रतिशत, संयोजक ३ प्रतिशत, विस्मयादिबोधक ० प्रतिशत र निपात ३ प्रतिशत रहेको छ।

## ४.९ स्रोतका आधारमा सुन उगेल्ने भाले कथाको वर्गीकरण

*सुन उगेल्ने भाले* कथामा जम्मा १८२ ओटा शब्दहरू रहेका छन्। ती शब्दहरूमध्ये तत्सम शब्द ३६ ओटा, तद्भव शब्द १३३ ओटा र आगन्तुक शब्द १३ ओटा छन्। तुलनात्मक रूपमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ, जसलाई स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ :

## तालिका सङ्ख्या - ८


## स्रोतका आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| उपत्यका, किराँत, राजा, राज्य, सम्पन्न, देश, महत्त्वाकाङ्क्षी, शान्ति, उपाय, तत्कालै, परिचालन, सेनापति, पत्कर, चिन्तित, अनेक, चित्त, उपस्थित, मध्ये, व्यक्ति, अवश्य, पाताल, आवश्यक, साहसी, उद्देश्य, वेग, अत्यन्त, सशङ्कित, प्रभावित, आकर्षित, सम्पर्क, निराशा, सम्भव, नम्र, अरूण, जाल, सम्पन्न | तिरो, झगडा, कचिङ्गल, भाले, पेरुङ्गो, सुन, घाम, खुकुरी, डल्लो, दानापानी, बन्दोबस्त, कोठाचोटा, बिहान, चरा, जङ्गल, भारदार, जुक्ति, रहर, हिमाल, पाटो, चिचिला, पतिङ्गर, सप्तकोसी, डोरी, रुख, बगर, ढुङ्गा, डुङ्गा, कम्मर, बाँसुरी, धुन, हाक्पारे, भाका, चारो, डाँडा काँध, आँगन, टाउको, थुप्रै, त्यस्ता, ससाना, बेमेल, सारा, तीन, बलियो, रित्तै, छक्क, भन्नु, हुनु, गर्नु,पुग्नु, सुन्नु, फर्कनु, बास्नु, उगेल्नु, पर्नु, भर्नु, थाल्नु, फैलिनु, भाग्नु, लाग्नु, हराउनु, बोलाउनु, सोध्नु, बुझ्नु, सोच्नु, बनाउनु, जानु, ल्याउनु, आउनु, पठाउनु, देख्नु, सक्नु, फस्नु, थाप्नु, हकार्नु, झर्नु, बस्नु, बुझ्नु, छर्नु, बित्नु, जानु, सुन्नु, हेर्नु, झुल्किनु, बाँड्नु, निकाल्नु, थान्नु, हडबडाउनु, समाउनु, पछ्याउनु, पक्रनु, खियाउनु, बजाउनु, उहिले, पनि, नै, र, अर्को, एक, बाट, तथा, झैँ, पछि, उनी, आफैँ, त्यस, केही, अब, यसरी, त, त्यो, लाई, तर, न, धेरै, सबै, यस, यो, यत्ति, तेस्रो, ठूलो, भोलिपल्ट, नि, म, त्यतै, तिनै, कि, वारिपारि, ऊ, पर, मिठो, पो | रैती, गरिब, हमला, हैरान, दरबार, बन्दोबस्त, बयान, सल्लाह, उर्दी, जिम्मा, मकालु, दङ्ग, तर्फ |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

## चित्र सङ्ख्या - ८

## स्रोतका आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण



शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सुन ओगल्ने भाले* कथामा रहेका १८२ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा तत्सम शब्द २० प्रतिशत, तद्भव शब्द ७३ प्रतिशत र आगन्तुक शब्द ७ प्रतिशत रहेका छन् । तत्सम शब्द र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ ।

## ४.१० बनोटगत आधारमा सुन उगेल्ने भाले कथाको वर्गीकरण

*सुन उगेल्ने भाले* कथामा १८२ ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये ५१ ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये ८० ओटा मूल शब्द र १०२ ओटा व्युत्पन्न शब्दहरू छन् । तुलनात्मक रूपमा व्युत्पन्न शब्द मूल शब्दभन्दा बढी रहेको पाइन्छ । जसलाई स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या - ९**


**बनोटगत आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण**

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| अरूण, किराँत, राजा, रैती, गरिब, देश, हमला, झगडा, उपाय, सुन, दरबार, थाले, घाम, डल्लो, बयान, बिहान, चरा, जङ्गल, सल्लाह, जुक्ति, चित्त, उर्दी, रहर, मकालु, हिमाल, पाटो, चिचिला, जाल, रुख, बेग, बगर ढुङ्गा, कम्मर, धुन, भाका, चारो, डाँडा, काँध, आँगन, जिम्मा, टाउको, हैरान, दङ्ग, सारा, तीन, मध्य, रित्तै, छक्क, नम्र, पेरुङ्गो, तर्फ, त्यो, तर, म, ऊ, पर, मिठो, पो, यो, पनि, नै, र, सबै, अर्को, एक, यस, बाट, तथा, झैँ, पछि, उनी, त्यस, अब, न, लाई, नि, कि, ठूलो, त | उपत्यका, राज्य, तिरो, कचिङ्गल, शान्ति, पारुहाङ, बेथिति, कुखुरी, दानापानी, बन्दोबस्त, कोठाचोटा, परिचालन, सेनापति, पत्कर, भारदार, व्यक्ति, पाताल, पतिङ्गर, भर्नु, सप्तकोसी, डोरी, उद्देश्य, बाँसुरी, हाक्पारे, थुप्रै, त्यस्ता, ससाना, सम्पन्न, महत्त्वाकाङ्क्षी, बेमेल, चिन्तित, अनेक, उपस्थित, आवश्यक, बलियो, साहसी, सशङ्कित, प्रभावित, आकर्षित, निराशा, सम्भव, भन्नु, हुनु, गर्नु, पुग्नु, सुन्नु, फर्कनु, बास्नु, उगेल्नु, पर्नु, भर्नु, थाल्नु, फैलिनु, भाग्नु, लाग्नु, हराउनु, बोलाउनु, सोध्नु, बुझ्नु, सोच्नु, छोप्नु, बनाउनु, जानु, ल्याउनु, आउनु, पठाउनु, देख्नु, सक्नु, फस्नु, थाप्नु, हकार्नु, झर्नु, बस्नु, बुझ्नु, छर्नु, बित्नु, जानु, सुत्नु, हेर्नु, झुल्किनु, बाँड्नु, निकाल्नु, थुन्नु, हडबडाउनु, समाउनु, पछ्याउनु, पक्रनु, खियाउनु, बजाउनु, तत्काल, पेरुङ्गो, उहिले, आफैँ, केही, त्यतै, यसरी, धेरै, भोलिपल्ट, तिनै, तेस्रो, वारिपारि, यत्ति |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ९**

**बनोटगत आधारमा सुन उगेल्ने भाले कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*सुन उगेल्ने भाले* कथामा रहेका १८२ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा मूल शब्द ४४ प्रतिशत र व्युत्पन्न शब्द ५६ प्रतिशत रहेको छ । मूल शब्दको तुलनामा व्युत्पन्न शब्द बढी पाइन्छ ।

## ४.११ कार्यका आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण

*बोधिसत्वको कथा* कथामा जम्मा २४० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये नाम १३४ ओटा, सर्वनाम ७ ओटा, विशेषण ३८ ओटा, क्रियापद ३५ ओटा, क्रियायोगी १२ ओटा, नामयोगी १० ओटा, संयोजक ५ ओटा, विस्मयादिबोधक २ ओटा र निपात २/४ ओटा शब्द रहेका छन् । सबैभन्दा बढी नाम शब्द र सबैभन्दा कम विस्मयादिबोधक र निपात शब्द छन् ।

## तालिका सङ्ख्या - १०


## कार्यका आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| भगवान्, बुद्ध, कुरा, नेपाल, क्षेत्र, शिशु, जन्म, बोधिसत्व, साथी, झगडा, अक्षर, गुरु, अक्षरारम्भ, उमेर, ज्ञान, विद्या, व्यवहार, भलाइ, युवा, मन, लालच, लोभ, दया, माया, स्नेह, मित्रता, करुणा, सेवा, मानव, सही, बाट ो, सुख, चाहना, पशुपन्छी, दुःख, मैत्री, ध्यान, हिंस्रक, हिंसा, जन्तु, आदर, तत्सङ्ग, वैरभाव, अजित, चेला, व्यवहार, पिर, बिन्ती, सद्गुण, शिष्य, काभ्रे, जिल्ला, धुलिखेल, पूर्व, एकान्त गुफा, मुख, बघिनी, डमरु, माउ, दूध, सुत्केरी, हिँडडुल, अवस्था, खानेकुरा, आस, झर्को, हलचल, दुर्दशा, सज्जन, सहन, न्याल, बच्चा, कुपुत्र, कुमाता, उपाय, पशु, मर्यादा, उल्लङ्घन, भोक, हार, पाप, फेला, विचार, आयु, थाहा, शरीर, आहार, आदत, प्रार्थना, मनुष्य, परवाह, समर्पण, प्राण, हत्या, आकाश, पुष्पवृष्टि, देवता, यक्ष, गन्धर्व, जयजय, उपदेश, त्याग, प्रणाम, भक्त, हाड, माहात्मा, पवित्र, अस्थि, सङ्कलन, खाल्टो, ढुङ्गा, स्तूप, फूल, अबिर, नमोबुद्ध, नामबूढा, तामाङ, भाषा, ताग्मो, लुजिन, धर्मावलम्बी, तीर्थस्थल, देश, विदेश, पर्यटक, श्रद्धा, प्रकट, स्वर्ग, सिद्धार्थ, गौतम, धर्मग्रन्थ, व्याघ्री, गाउँ | कुनै, उनी, यो, अरू, यही, म, ती | पहाडी, सम्पन्न, छक्क, सानो, सम्पूर्ण, अनौठो, आपसी, चिन्तित, सयौं, हजार, स्वच्छ, रमाइलो, उपयुक्त, एउटी, बुढी, लम्पसार, भोकी, कमजोर, दुःखदायी, दृश्य, दुवै, तयार, भगिनी, कठिन, कति, ढुक्क, शान्त, धन्य, खिन्न, पूज्य, परोपकारी | जन्मनु, राख्नु, चिनाउनु, पर्नु, सोच्नु, पाउनु, छोड्नु, देख्नु, चुस्नु, हुनु, नपाउनु, मर्नु, लाग्नु, झम्टनु, छटपटाउनु, थाल्नु, हेर्नु, काढ्नु, थाल्नु, त्यतिन्जेल, गहिरिनु, सुम्पनु, बसाल्नु, आत्तिनु, हटाउनु, सिक्नु, तम्सनु, बस्नु, जानु, नगर्नु, नभन्नु, लिनु | कहिल्यै, नजिकै, भर्खरै, ङ्यार्रङ्यार्र, चाँडै, यता, झन्, तत्काल, अकस्मात्, अघि, पछि, सधैं | सँग, तर्फ, समेत, निर, नेर, सामु, भन्दा, प्रति, तिर, पट्टि | बरु, तर, र, पनि, भने | हवस्, हे | नि, त, न, नै |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १०**

**कार्यका आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बोधिसत्वको कथा* कथामा जम्मा २४० ओटा शब्दहरूलाई १००% आधार मानेर हेर्दा कार्यगत रूपमा नाम ५४ प्रतिशत, सर्वनाम ३ प्रतिशत, विशेषण १५ प्रतिशत, क्रियापद १४ प्रतिशत, क्रियायोगी ५ प्रतिशत, नामयोगी ४ प्रतिशत, संयोजक २ प्रतिशत, विस्मयादिबोधक १ प्रतिशत र निपात ३ प्रतिशत रहेका छन् । यस कथामा सबैभन्दा बढी नाम शब्द र सबैभन्दा कम विस्मयादिबोधक शब्द रहेका छन् ।

## ४.१२ स्रोतका आधारमा बोधिसत्वको कथाको विश्लेषण

*बोधिसत्वको कथा* कथामा जम्मा २४० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये तत्सम शब्द १०७ ओटा, तद्भव शब्द १२६ ओटा र आगन्तुक शब्द १४ ओटा छन् । तुलनात्मक रूपमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ, जसलाई स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

## तालिका सङ्ख्या - ११


## स्रोतका आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| क्षेत्र, सम्पन्न, शिशु, जन्म, अक्षर, | कुरा, नेपाल, साथी, झगडा, भलाइ, बाटो, | तर्क, |
| अक्षरारम्भ, गुरु, सम्पूर्ण, ज्ञान, व्यवहार, | चाहना, चेला, पिर, बिन्ती, काभ्रे, धुलिखेल, | जिल्ला, |
| युवा, लोभ, मन, करुणा, मानव, मैत्री, | गुफा, बघिनी, डमरु, माउ, दूध, सुत्केरी, | हजार |
| ध्यान, हिंस्रक, हिंसा, जन्तु, समेत, आदर, | हिँडडुल, खानेकुरा, आस, झर्को, हलचल, च्याल | कमजोर, |
| सत्सङ्ग, वैरभाव, व्यवहार, चिन्तित, | ,बच्चा, भोक, फेला, थाहा, आहारा, सानो, | तयार, |
| सद्गुण, स्वच्छ, पूर्व, एकान्त, उपयुक्त, मुख, | अनौठो, सयौँ, रमाइलो, एउटा, बुढी, लम्पसार, | आदत, |
| जन्म, अवस्था, दुःखदायी, दृश्य, दुर्दशा, | भोकी, दुबै, जन्मनु, राख्नु, चिनाउनु, पर्नु, | इरादा, |
| सज्जन, सहन, कुपुत्र, कुमाता, उपाय, पशु, | सोच्नु, पाउनु, छोड्नु, देख्नु, चुस्नु, हुनु, | परवाह, |
| मर्यादा, उल्लङ्घन, हार, पाप, भागिनी, | नपाउनु, मर्नु, लाग्नु, झम्टनु, छटपटाउनु, | उमेर, |
| जन्तु, विचार, कठिन, आयु, कति, प्रार्थना, | थाल्नु, हेर्नु, काढ्नु, थाल्नु, त्यतिन्जेल, गहिरिनु, | सही, |
| शान्त, मनुष्य, समर्पण, तत्काल, प्राण, | सुम्पनु, बसाल्नु, आत्तिनु, हटाउनु, सिक्नु, | आपसी, |
| हत्या, आकाश, पुष्पवृष्टि, धन्य, जयजय, | तम्सनु, कहिल्यै, नजिकै, भर्खरै, इ्यार्रङ्यार्र, | तामाङ, |
| खिन्न, उपदेश, देश, अकस्मात्, त्याग, | चाँडै, यता, तत्काल, विदेश, नेर, सामु, बरु, | ताग्मो, |
| प्रणाम, भक्त, माहात्मा, अस्थि, पवित्र, पूज्य, | सँग, नि, तर्फ, समेत, झन्, हवस्, पहाडी, | अबिर |
| सङ्कलन, धर्मावलम्बी, तीर्थस्थल, | ढुक्क, हाड, खाल्डो, ढुङ्गा, फूल, अघि, एक, | |
| परोपकारी, स्वर्ग, भगवान्, बुद्ध, बोधिसत्व, | कुनै, गाउँ, बस्नु, जानु, नगर्नु, नभन्नु, सबै, र, | |
| दया, माया, स्नेह, मित्रता, सेवा, माया, | लिनु, पनि, पछि, उनी, नलाग्नु, सधैँ, धेरै, यो, | |
| सुख, पशुपन्छी, दुःख, अजित, शिष्य, जन्म, | आफ्नो, भन्दा, अरू, यही, हे, त, म, न, पुग्नु, | |
| शरीर, देवता, यक्ष, गन्धर्व, धर्मग्रन्थ, व्याघ्री, | भने, ती, प्रति, तोड्नु, मेरो, नै, आफ्ना, तिर, | |
| श्रद्धा, प्रकट, स्तूप, भाषा, विद्या, मुख | यति, पट्टि | |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - ११**

**स्रोतका आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बोधिसत्वको कथा* कथामा रहेका २४० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा तत्सम शब्द ४३ प्रतिशत, तद्भव शब्द ५१ प्रतिशत र आगन्तुक शब्द ६ प्रतिशत रहेको छ । तद्भव शब्दको सङ्ख्या तत्सम र आगन्तुक शब्दभन्दा बढी रहेको छ ।

## ४.१३ बनोटगत आधारमा बोधिसत्वको कथाको विश्लेषण

*बोधिसत्वको कथा* कथामा जम्मा २४० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये १०६ ओटा मूल शब्द र १४१ ओटा व्युत्पन्न शब्दहरू रहेका छन् । तुलनात्मक रूपमा मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेको पाइन्छ, जसलाई स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

## तालिका सङ्ख्या - १२


## बनोटगत आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| बुद्ध, कुरा, नेपाल, क्षेत्र, शिशु, जन्म, अक्षर, झगडा, गुरु, उमेर, ज्ञान, युवा, मन, लालच, दया, माया, स्नेह, मानव, सही, बाटो, सुख, जन्तु, चेला, पिर, बिन्ती, काभ्रे, जिल्ला, पूर्व, गुफा, मुख, जन्म, डमरु, माउ, दुध, आस, झर्को, ऱ्याल, बच्चा, उपाय, पशु, पाप, हार, भोक, फेला, आयु, थाहा, शरीर, आहारा, आदत, इरादा, परवाह, प्राण, यक्ष, गन्धर्व, गौतम, अबिर, धन्य, कठिन, अकस्मात्, अस्थि, स्वर्ग, समेत, कति, पशु, तर्फ, छक्क, सानो, अनौठो, हजार, कमजोर, तयार, झन्, सँग, निर, हाड, खाल्डो, ढुङ्गा, फूल, स्तूप, तामाङ, देश, नेल, सामु, बरु, तर, नि, अघि, एक, गाउँ, सबै, र, पनि, पछि, उनी, सधैँ, यो, अरू, हे, त, म, न, ती, प्रति, नै, तिर, पट्टि | भगवान्, अक्षरारम्भ, बोधिसत्व, साथी, सम्पूर्ण, व्यवहार, विद्या, मित्रता, करुणा, भलाइ, सेवा, चाहना, पशपक्षी, दुःख, मैत्री, ध्यान, हिंस्रक, हिंसा, आदर, सत्सङ्ग, वैरभाव, अजित, सद्गुण, शिष्य, धुलिखेल, एकान्त, बाघिनी, सुत्केरी, हिँडडुल, अवस्था, खानेकुरा, हलचल, दुर्दशा, सज्जन, सहन, कुपुत्र, कुमाता, मर्यादा, उल्लङ्घन, विचार, प्रार्थना, मनुष्य, समर्पण, हत्या, आकाश, पुष्पवृष्टि, देवता, जयजय, उपदेश, तीर्थस्थल, नमोबुद्ध, पर्यटक, श्रद्धा, विदेश, प्रकट, धर्मग्रन्थ, सिद्धार्थ, परोपकारी, सम्पन्न, चिन्तित, स्वच्छ, खिन्न, भक्त, प्रणाम, पवित्र, पूज्य, सङ्कलन, धर्मावलम्बी, उपयुक्त, भागिनी, तत्काल, पहाडी, सम्पन्न, आपसी, सयौँ, रमाइलो, एउटी, बुढी, लम्पसार, भोकी, दुःखदायी, दृश्य, दुबै, शान्त, जन्मनु, राख्नु, चिनाउनु, पर्नु, सोच्नु, पाउनु, छोड्नु, देख्नु, चुस्नु, हुनु, नपाउनु, मर्नु, लाग्नु, झम्टनु, छटपटाउनु, थाल्नु, हेर्नु, काढ्नु, थाल्नु, त्यतिन्जेल, गहिरिनु, सुम्पनु, बसाल्नु, आत्तिनु, हटाउनु, सिक्नु, तम्सनु, कहिल्यै, नजिकै, भर्खरै, ड्यारड्यार, चाँडै, यता, तत्काल, त्याग, माहात्मा, नामबुढा, भाषा, हवस्, लोभ, कुनै, बस्नु, जानु, नगर्नु, पुग्नु, मेरो, आफ्ना, नभन्नु, लिनु, नलाग्नु, धेरै, आफ्नो, भन्दा, यही, भने, तोड्नु, यति |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १२**

**बनोटगत आधारमा बोधिसत्वको कथा कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बोधिसत्वको कथा* कथामा रहेका २४० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा मूल शब्द ४३ प्रतिशत र व्युत्पन्न शब्द ५७ प्रतिशत रहेको छ । मूल शब्दको तुलनामा व्युत्पन्न शब्द बढी रहेको छ ।

## ४.१४ कार्यका आधारमा रिस र राक्षस कथाको वर्गीकरण

*रिस र राक्षस* कथामा जम्मा २०९ ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये नाम ७३ ओटा, सर्वनाम ११ ओटा, विशेषण ४२ ओटा, क्रियापद ४४ ओटा, क्रियायोगी २४ ओटा, नामयोगी ८ ओटा, संयोजक ४ ओटा, विस्मयादिबोधक ० र निपात ३ रहेका छन् । सबैभन्दा बढी नाम शब्द रहेका छन् । यसलाई अझ स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

## तालिका सङ्ख्या - १३


## कार्यका आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|---|---|---|---|
| दिन, श्रीकृष्ण, बलराम, सात्यकि, विहार, रथ, मृग, हुल, प्रस्ताव, जल, सेना, प्रबन्ध, बाटो, रात, झाडी, चित्तल, घोरल, जरायो, बथान, रुख, भनाइ, भोक, थकाइ, निन्द्रा, समय, हिंस्रक, आक्रमण, राक्षस, बुद्धिमानी, सहमति, प्रहर, पाले, निधो, फेल, ढुङ्गो, सिरान, धनुष, वाण, जुन, आवाज, अङ्गुल, कपाल, दारा, रिस, मुक्का, भुइँ, अचम्म, घटना, दुस्साहस, पुल्टुङ्बाजी, बल्ढ्याङ्, आकाश, बाँस, प्रहार, सोच, थाहा, व्यक्ति, तारिफ, आकार, प्रशंसा, खेलौना, हत्केला, धोती, चरा, चिरबिराउन, घाउ, शरीर, गाँठो, आकृति, भिडन्त, उपाय, प्रयास | तपाइँ, ती, के, केही, तिनै, त्यो, उनी, ऊ, यो, म, तिमी | एक, चनाखो, बाक्लो, झ्याम्म, जस्तो, व्याकुल, निर्जन, फुच्चे, पुड्के, बाउन्ने, अजङ्ग, भीमकाय, घमासान, लोथ, अलप, उही, मस्त, यत्रो, दोब्बर, मोटो, बलियो, जत्रै, घायल, थकित, चुपचाप, शक्तिशाली, असल, उचित, पूर्वी, उज्यालो, उल्टै, विफल, जिल्ल, एउटा, अग्लो, मोटो, सोझै, झैँ, जति, ठूलो, धेरै, सानो | लाग्नु, हाँक्नु, मोड्नु, माग्नु, ओर्लनु, पर्नु, हेर्नु, छिप्पिनु, लखेट्नु, अलमलिनु, फर्कनु, कटाउनु, बस्नु, घुम्नु, सक्नु, जमाउनु, निदाउनु, निस्कनु, उठाउनु, खोज्नु, गर्जनु, ठेल्नु, लडाउनु, बजाउनु, गल्नु, धकेल्नु, उचाल्नु, फ्याँक्नु, उछिट्टिनु, डुब्नु, समात्नु, फुकाउनु, झम्टनु, बिउँझाउनु, हुनु, भन्न, देख्नु, लगाउनु, नसक्नु, सुत्नु, दोहोरिनु, बढ्नु, राख्नु, पार्नु | चाँडै, अब, झपझप, पालैपालो, भुसुक्क, टहटह, जङ्ग्रङ्ग, छप्ल्याङ्छुप्लुङ, बाहिर, सरासर, अलि, च्याप्प, फुत्त, खुब, जुरुक्क, फेरि, झन्नै, डङ्ग्रङ्ग, किन, पछि, त्यतै, झन्, चल्दाचल्दै, माथि | निम्ति, साथ, पटक, भरि, लाई, तिर, सम्म, बाट | तर, बरु, र, पनि | | ठिक, त, नै |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १३**

**कार्यका आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*रिस र राक्षस* कथामा जम्मा २०९ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा कार्यगत रूपमा नाम ३५ प्रतिशत, सर्वनाम ५ प्रतिशत, विशेषण २० प्रतिशत, क्रियापद २१ प्रतिशत, क्रियायोगी ११ प्रतिशत, नामयोगी ४ प्रतिशत, संयोजक २ प्रतिशत, विस्मयादिबोधक ० प्रतिशत र निपात १ प्रतिशत रहेको छ ।

## ४.१५ स्रोतगत आधारमा रिस र राक्षस कथाको वर्गीकरण

*रिस र राक्षस* कथामा जम्मा २०९ ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये तत्सम शब्द ३९ ओटा, तद्भव शब्द १६६ र आगन्तुक शब्द ४ ओटा रहेका छन् । तुलनात्मक रूपमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको छ । यसलाई स्पष्ट पार्न तालिका र स्तम्भचित्रमा देखाइएको छ ।

## तालिका सङ्ख्या - १४


## स्रोतगत आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| दिन, विहार, रथ, मृग, प्रस्ताव, जल, प्रबन्ध, व्याकुल, निद्रा, समय, निर्जन, हिंस्रक, आक्रमण, राक्षस, सहमति, प्रहर, धनुष, वाण, आवाज, अङ्गुल, कपाल, भीमकाय, अलप, घटना, दुस्साहस, आकाश, प्रहार, शक्तिशाली, व्यक्ति, आकार, प्रशंसा, पूर्वी, शरीर, आकृति, उपाय, प्रयास, विफल, श्रीकृष्ण, सेना | मोड्नु, छिप्पिनु, लखेट्नु, बाक्लो, लाग्नु, झाडी, अलमलिनु, चाँडै, बस्नु, फर्कनु, ओर्लनु, जस्तो, घुम्नु, सक्नु, पालैपालो, बुद्धिमानी, गल्नु, पाले, सिरान, निदाउनु, छप्ल्याङ्छुप्लुङ, पुड्के, कटाउनु, जङ्ग्रङ्ग, निस्कनु, सरासर, उठाउनु, खोज्नु, जगाउनु, गर्जनु, ठेल्नु, लडाउनु, अजङ्ग, बजाउनु, च्याप्प, भुइँ, अचम्म, घमासन, गल्नु, उही, यत्रो, फुत्त, पुल्टुङ्बाजी, बल्ढ्याङ, बलियो, धकेल्नु, खुब, जुरुक्क, फेरि, फ्याँक्नु, झन्नै, उछिट्टिनु, फेद, जुन (चन्द्रमा), रिस, थाहा जत्रै, तर, बरु, जिल्ल, अब, भोक, उछिट्टिनु, फ्याँकनु, हेर्नु, घायल, थकित, डुब्नु, डङ्ग्रङ्ग, खेलौना, समात्नु, हत्केला, उज्यालो, चिरबिराउनु, फुकाउनु, झम्टनु, भिडन्त, तपाइँ, मुक्का, बिउँझाउनु, उल्टै, बाँस, बलराम, रात, बाटो, चित्तल, जरायो, घोरल, रुख, बथान, भनाइ, थकाइ, निधो, ढुङ्गो, दारा, सोच, एक, चनाखो, भ्याम्म, फुच्चे, बाउन्ने, लोथ, दोब्बर, मोटो, चुपचाप, उचित, धोती, चरा, गाँठो, निम्ति, साथ, भरि, पटक, टहटह, भुसुक्क, बलराम, सात्यकि, घाउ, हाँक्नु, माग्नु, पर्नु, हेर्नु, उचाल्नु, नै, र, पनि, ती, के, केही, तिनै, सोझै, सम्म, म, राख्नु, हुनु, कि, एउटा, पछि, लाई, यो, बढ्नु, पार्नु, त्यतै, भन्नु, त्यो, देख्नु, त, धेरै, सानो, लगाउनु, झन्, उनी, नसक्नु, सुत्नु, बाट, दोहोरिनु, चल्दाचल्दै, ऊ, अग्लो, मोटो, तिमी, तिर, माथि, झैँ, जति, ठूलो | हुल, मस्त, असल, तारिफ |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १४**

**स्रोतगत आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*रिस र राक्षस* कथामा रहेका जम्मा २०९ ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानेर हेर्दा तत्सम शब्द १८ प्रतिशत, तद्भव शब्द ८० प्रतिशत र आगन्तुक शब्द २ प्रतिशत रहेको छ । तत्सम शब्द र आगन्तुक शब्दको तुलनामा तद्भव शब्द बढी रहेको पाइन्छ ।

## ४.१६ बनोटगत आधारमा रिस र राक्षस कथाको वर्गीकरण

*रिस र राक्षस* कथामा जम्मा २०९ ओटा शब्द रहेका छन् । जसमध्ये मूल शब्द ८३ ओटा र व्युत्पन्न शब्द १२६ ओटा रहेका छन् । तुलनात्मक रूपमा हेर्दा मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेको छ । यी शब्दलाई तालिका र स्तम्भचित्रले अझ स्पष्ट पारिएको छ ।

## तालिका सङ्ख्या - १५


## बनोटगत आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| रथ, मृग, हुल, जल, समय, जन्तु, निधो, राक्षस, फेद, धनुष, वाण, आवाज, अङ्गुल, कपाल, बाहिर, रिस, भुइँ, अचम्म, अलप, मस्त, मोटो, खुब, फेरि, असल, किन, तारिफ, शरीर, गाँठो, तपाइँ, उपाय, जिल्ल, बाँस, जन्म, सेना, बाटो, चित्तल, घोरल, जरायो, रुख, बथान, निद्रा, ढुङ्गो, जुन, थाहा, एक चनाखो, झ्याम्म, लोथ, जत्रै, उचित, धोती, चरा, साथ, भरि, पटक, अब, दिन, भोक, घाउ, सोच, पछि, लाई, झन्, म, माथि, उनी, ऊ, अग्लो, तिमी, झैँ, त, मोटो, तिर, ठूलो, पनि, ती, र, के, कि, यो, नै, सानो, बाट | विहार, जना, हाँक्नु, माड्नु, प्रस्ताव, ओर्लनु, पर्नु, प्रबन्ध, छिप्पिनु, लखेट्नु, झाडी, चाँडै, अलमलिनु, फर्कनु, जस्तो, बस्नु, थकाइ, व्याकुल, निर्जन, हिंस्रक, आक्रमण, घुम्नु, सक्नु, पालैपालो, बुद्धिमानी, सहमति, प्रहर, पाले, सिरान, निदाउनु, छप्ल्याङछुप्लुङ, पुड्के, जङ्ग्रङ्ग, निस्कनु, विफल, सरासर, उठाउनु, खोज्नु, गर्जनु, ठेल्नु, लडाउनु, जाग्नु, घमासान, गल्नु, उही, घटना, यत्रो, दुस्साहस, भर्नु, फुत्त, पुल्टुङबाजी, बल्ढ्याङ, बलियो, धकेल्नु, आकाश, फ्याँक्नु, झन्नै, उछिट्टिनु, घायल, जनाउनु, लाग्नु, कटाउनु, भीमकाय, प्रहार, थकित, डुब्नु, चुपचाप, डङ्ग्रङ्ग, शक्तिशाली, व्यक्ति, आकार, प्रशंसा, खेलौना, समात्नु, हत्केला, पूर्वी, उज्यालो, चिरबिराउनु, फुकाउनु, आकृति, झम्टनु, भिडन्त, मुक्का, बिउँझाउनु, उल्टै, प्रयास, विफल, बलराम, रात, भनाइ, दारा, सोच, जस्तो, फुच्चे, बाउन्ने, दोब्बर, निम्ति, टहटह, सात्यकि, बलराम, श्रीकृष्ण, झपझप, भुसुक्क, त्यतै, भन्नु, त्यो, देख्नु, लगाउनु, नसक्नु, सुत्नु, दोहोरिनु, चल्दाचल्दै, सोझै, सम्म, जति, बढ्नु, धेरै, तिनै, केही, हुनु, एउटा, राख्नु, पार्नु |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १५**

**व्युत्पत्तिगत आधारमा रिस र राक्षस कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*रिस र राक्षस* कथामा रहेका २०९ ओटा शब्दहरूलाई १००% प्रतिशत आधार मानी प्रतिशतको आधारमा हेर्दा बनोटगत रूपमा मूल शब्द ४० प्रतिशत र व्युत्पन्न शब्द ६० प्रतिशत रहेको पाइन्छ । यस कथामा व्युत्पन्न शब्दहरू मूल शब्दभन्दा बढी रहेका छन् ।

## ४.१७ कार्यका आधारमा बाक्लोदाल कथाको शब्दको वर्गीकरण

*बाक्लो दाल* कथामा जम्मा १८० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये नाम ८३ ओटा, सर्वनाम ५ ओटा, विशेषण ४० ओटा, क्रियापद २३ ओटा, क्रियायोगी १५ ओटा, नामयोगी ५ ओटा, विस्मयादिबोधक २ ओटा, निपात ७ ओटा र संयोजक २ शब्द रहेका छन् । यी शब्दलाई तालिका र स्तम्भचित्रमा तल प्रस्तुत गरिएको छ ।

## तालिका सङ्ख्या - १६


## कार्यका आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण

| नाम | सर्वनाम | विशेषण | क्रियापद | क्रियायोगी | नामयोगी | विस्मयादिबोधक | निपात | संयोजक |
|---|---|---|---|---|---|---|---|---|
| दाल, मित्र, हरिहर, खबर, सम्बोधन, शब्द, प्रयोग, बधाई, रूप, उत्तर, समाज, रहर, प्रवाह, आरोह, अवरोह, मनोवृत्रि, संस्कार, मनस्थिति, प्रश्न, शुभेच्छा, क्षण, आकृति, अनुहार, धन्यवाद, लक्ष्य, ग्रहण, भावुकता, माथिङ्गल, प्रलोभन, अवस्था, क्षमा, स्पष्टीकरण, वातावरण, पारा, जिज्ञासा, हालचाल, गम्भीरता, प्रसङ्ग, बह, कर, खल्लो, जीवन, सुरु, आलटाल, ढिपी, कुरा, स्कुल, खेती, किसानी, पढाइ, कक्षा, जायजेथा, नङ्ग्रा, परिवार, पुगीसरी, वर्ष, बिहे, नियमित, सम्पर्क, विश्वास, भनाइ, कान, झिर, मुटु, बुढेसकाल, लट्ठी, धर्म, भावुकता, विस्फोट, यार, माग, समस्या, मस्तिष्क, कर्तव्य, स्वर, बिदा, आँसु, दीर्घरोगी, कुलत, सुस्केरा, कारण, करामत, आकाङ्क्षा | जुनसुकै, स्वयम्, अरू, के, ऊ | छिमेकी, प्रिय, स्वीकार्य, सहज, मानसिक, आकृष्ट, व्यक्तिवादी, संयुक्त, पारिवारिक, मिठै, छियाछिया, नमिठो, यति, कालोनिलो, परम, पातलो, संवेदनशील, यस्तै, सामान्य, ठट्यौली, दश, छक्क, सगौरव, स्पष्ट, झैँ, नामर्द, सिँगाने, विवश, रुन्चे, कठोर, वृद्ध, कारुणिक, आर्थिक, कमजोर, स्वस्थ, योग्य, दुई, सबै, केही, आफ्नै | बुझ्नु, बिझ्नु, टोलाउनु, नहुनु, अलमलिनु, बिग्रनु, रिँगाउनु, सम्झनु, उम्कनु, गुम्सिनु, जानु, पढ्नु, खियाउनु, पठाउनु, सोध्नु, छुट्टिनु, पोल्नु, थाम्नु, नसक्नु, टर्नु, जानु, विरक्तिनु, नफर्कनु | एकाबिहानै, च्वास्स, झसङ्ग, सायद, पुनः झलझली, बिनासित्ति, कहिलेकाहीँ, फटाफट, बाहिर, भर्खर, चाँजोपाँजो, अनायास, एकातिर, यसरी | अगाडि, पटक, तर्फ, समेत, लाई | भो, धिक्कार ! | नि, खै, मात्र, नै, त, लौ, खै | पनि, तैपनि |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १६**

**कार्यका आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बाक्लो दाल* कथालाई कार्यगत आधारमा हेर्दा जम्मा १८० ओटा शब्दहरू रहेका छन् । १८० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानी प्रतिशतको आधारमा हेर्दा कार्यगत रूपमा नाम ४६ प्रतिशत, सर्वनाम ३ प्रतिशत, विशेषण २२ प्रतिशत, क्रियापद १२ प्रतिशत, क्रियायोगी ८ प्रतिशत, नामयोगी ३ प्रतिशत, संयोजक १ प्रतिशत, विस्मयादिबोधक १ प्रतिशत र निपात ४ प्रतिशत रहेका छन् । यस कथामा सबैभन्दा बढी नाम शब्द र सबैभन्दा कम संयोजक र विस्मयादिबोधक शब्दहरू रहेका छन् ।

## ४.१८ स्रोतका आधारमा बाक्लोदाल कथाको वर्गीकरण

*बाक्लो दाल* कथामा जम्मा १८० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये तत्सम ७८ ओटा, तद्भव ९२ ओटा र आगन्तुक १० ओटा शब्द रहेका छन् । तुलनात्मक रूपम तद्भव शब्द, आगन्तुक शब्द र तत्सम शब्दभन्दा बढी रहेको छ । जसलाई स्पष्ट पार्न तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

**तालिका सङ्ख्या - १७**


**स्रोतका आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण**

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| मित्र, हरिहर, सम्बोधन, प्रिय, शब्द, प्रयोग, स्वीकार्य, सहज, रूप, उत्तर, समाज, प्रवाह , मानसिक, आरोह, अवरोह, आकृष्ट, व्यक्तिवादी, मनोवृत्ति, संयुक्त, पारिवारिक संस्कार, मनस्थिति, प्रश्न, शुभेच्छा, क्षण, आकृति, अनुहार, धन्यवाद, ग्रहण, भावुकता, पुनः प्रलोभन, परम, अवस्था, संवेदनशील, क्षमा, स्पष्टीकरण, वातावरण, सामान्य, जिज्ञासा, गम्भीरता, प्रसङ्ग, कर, जीवन, कक्षा, दश, परिवार, वर्ष, नियमित, सम्पर्क, सगौरव, विश्वास, स्पष्ट, धर्म, धिक्कार, भावुकता, विस्फोट, विवश, समस्या, मस्तिष्क, कर्तव्य, स्वर, कठोर, वृद्ध, कारुणिक, अनायास, आर्थिक, दीर्घरोगी, स्वयम्, स्वस्थ, समेत, विवाह, योग्य, कारण, आकाङ्क्षा, मात्र | बुझ्नु, एकाबिहानै, छिमेकी, जुनसुकै, बधाई, च्वास्स, बिझ्नु, छियाछिया, टोलाउनु, झसङ्ग, नहुनु, यति, अलमलिनु, बिग्रनु, लक्ष्य, कालोनिलो, माथिङ्गल, रिँगाउनु, पातलो, झलझली, सम्झनु, बिनसित्ति, कहिलेकाहीँ, यस्तै, फटाफट, ठट्यौली, हालचाल, उम्कनु, भर्खर, चाँजोपाँजो, गुम्सिनु, बह, खल्लो, जानु, सुरु, आलटाल, अगाडि, खेती, किसानी, पढ्नु, पढाइ, खियाउनु, पुगीसरी, पढाउनु, भनाइ, सोध्नु, छुट्टिनु, कान, झिर, मुटु, बुढेसकाल, सिँगाने, थप्नु, रुन्चे, बिदा, कुलत, मिठै, दाल, ढिपी, सुस्केरा, पारा, झैँ, नि, पोल्नु, भो, बाहिर, कुरा, रहर, नङ्ग्रा, खुब, अरू, के, नसक्नु, खै, पनि, लाई, दुई, टर्नु, नै, सबै, जानु, विरक्तिनु, केही, नफर्कनु, आफ्नै, एकातिर, यसरी, त, लौ, ऊ, तैपनि | खबर, सायद, स्कुल, तर्फ, जायजेथा, नामर्द, यार, बिदा, कमजोर, करामत |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १७**

**स्रोतका आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बाक्लो दाल* कथामा रहेका जम्मा १८० ओटा शब्दहरूलाई १०० प्रतिशतको आधार मानी हेर्दा स्रोतगत रूपमा तत्सम शब्दहरू ४३ प्रतिशत, तद्भव शब्दहरू ५२ प्रतिशत र आगन्तुक शब्दहरू ५ प्रतिशत रहेका छन् । यस कथामा सबैभन्दा बढी तद्भव शब्द र सबैभन्दा कम आगन्तुक शब्द रहेका छन् ।

## ४.१९ बनोटगत आधारमा बाक्लोदाल कथाको वर्गीकरण

*बाक्लो दाल* कथामा जम्मा १८० ओटा शब्द रहेका छन् । ती शब्दहरूमध्ये ५३ ओटा मूल शब्द र १२७ ओटा व्युत्पन्न शब्द रहेका छन् । तुलनात्मक रूपमा मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेको छ । जसलाई स्पष्ट पार्न तालिका र स्तम्भ चित्रमा देखाइएको छ ।

**तालिका सङ्ख्या - १८**


**बनोटगत आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण**

| मूल शब्द | व्युत्पन्न शब्द |
|---|---|
| खबर, शब्द, रूप, समाज, प्रश्न, क्षण, पुनः, परम, बह, कर, खल्लो, सुरु, दश, वर्ष, कान, फिर, मुटु, धर्म, समस्या, स्वर, कठोर, आँसु, स्वयम्, समेत, भो, नि, दाल, ढिपी, सुस्केरा, स्कुल, सायद, तर्फ, यार, बिदा, पारा, झैं, बाहिर, कुरा, रहर, नङ्ग्रा, खुब, अरू, के, खै, पनि, लाई, दुई, मात्र, नै, त, लौ, ऊ | बुझ्नु, एकाबिहानै, छिमेकी, मित्र, हरिहर, सम्बोधन, प्रिय, जुनसुकै, प्रयोग, स्वीकार्य, बधाई, सहज, उत्तर, च्वास्स, बिझ्नु, प्रवाह, मानसिक, आरोह, अवरोह, आकृष्ट, व्यक्तिवादी मनोवृत्ति, संयुक्त, पारिवारिक, संस्कार, मनस्थिति, टोलाउनु, झसङ्ग, शुभेच्छा, नहुनु, यति, सायद, अलमलिनु, बिग्रनु, आकृति, अनुहार, धन्यवाद, लक्ष्य, कालोनिलो, ग्रहण, भावुकता, माथिङ्गल, रिँगाउनु, प्रलोभन, पातलो, अवस्था, झलझली, सम्झनु, बिनासित्ति, संवेदनशील, क्षमा, स्पष्टीकरण, कहिलेकाहीँ, यस्तै, फटाफट, वातावरण, सामान्य, ठट्यौली, जिज्ञासा, हालचाल, गम्भीरता, उम्कनु, प्रसङ्ग, चाँजोपाँचो, गुम्सिनु, जानु, जीवन, आलटाल, अगाडि, खेती, किसानी, पढ्नु, पढाइ, कक्षा, जायजेथा, खियाउनु, परिवार, पुगीसरी, पठाउनु, नियमितता, सम्पर्क, सगौरव, भनाइ, विश्वास, सोध्नु, स्पष्ट, छुट्टिनु, बुटेसकाल, नामर्द, धिक्कार, विस्फोट, सिँगार्ने, थाम्नु, विवश, मस्तिष्क, कर्तव्य, रुन्चे, वृद्ध, कारुणिक, अनायास, आर्थिक, कमजोर, दीर्घरोगी, स्वस्थ, कुलत, विवाद, योग्य, कारण, आकाङ्क्षा, मिठै, थाप्नु, पोल्नु, पढाउनु, नफर्कनु, विरक्तिनु, जानु, सबै, नसक्नु, टर्नु, केही, आफ्नै, एकातिर, यसरी, तैपनि |

शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

**चित्र सङ्ख्या - १८**

**बनोटगत आधारमा बाक्लोदाल कथाका शब्दको वर्गीकरण**




शब्दस्रोत : कक्षा सातको नेपाली किताब, २०७७

*बाक्लो दाल* कथामा रहेका जम्मा १८० ओटा शब्दहरूलाई १०० प्रतिशत आधार मानी प्रतिशतको आधारमा हेर्दा बनोटगत रूपमा मूल शब्दहरू ३० प्रतिशत र व्युत्पन्न शब्दहरू ७० प्रतिशत रहेका छन् ।

# अध्याय : पाँच

# सारांश तथा निष्कर्ष

**अध्याय : पाँच**

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस शोधकार्य “कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा रहेका शब्दभण्डारको अध्ययन” शीर्षकमा मूलतः पुस्तकालयीय विधि अवलम्बन गरिएको छ । यस अध्ययनमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा खण्डमा भएका शब्दहरूलाई नमूनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनलाई वस्तुगत बनाउन पुस्तकालीयय विधिमा आधारित भई व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ ।

यस शोध कार्यको अध्याय एकअन्तर्गत विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता र शोधकार्यको सीमाङ्कनलाई समेटिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षाको अवधारणालाई समेटिएको छ । स्रोतका आधारमा शब्दको वर्गीकरण, तत्सम, तद्भव र आगन्तुक गरी वर्गीकरण गरिएको छ । बनोटका आधारमा मूल र व्युत्पन्नलाई समेटिएको छ भने कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपातमा वर्गीकरण गरिएको छ ।

अध्याय तीनमा शोधविधि र प्रक्रियालाई राखिएको छ । यसअन्तर्गत नमुना छनोट, सामग्री निर्माण, सामग्री सङ्कलन र तथ्याङ्कको व्याख्या विश्लेषणलाई समावेश गरिएको छ ।

अध्याय चारमा शब्दको तालिका बनाई व्याख्या गरिएको छ । व्याख्या विश्लेषण गरी स्तम्भचित्रमा समेत प्रस्तुत गरिएको छ । स्तम्भचित्रमा देखाएर प्रतिशतमा निकाली पुनः व्याख्या गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं एवम् अन्तिम अध्यायलाई सारांश, निष्कर्ष र सुझावहरू उल्लेख गरिएको छ । यो खण्ड शोधपत्रको निचोडको रूपमा प्रस्तुत गरिएको छ साथै यस

अध्ययनको क्रममा देखिएका समस्या एवम् कठिनाइहरूलाई सुझाव तथा शोधपत्रका विविध उपयोगहरूलाई चित्रण गरिएको छ ।

## ५.२ निष्कर्ष

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा रहेका शब्दको स्रोत, बनोट एवम् कार्यका आधारमा तिनीहरूको स्थिति पत्ता लगाउने मुख्य उद्देश्यबाट प्रेरित यस शोधकार्यको अन्त्यमा निम्नानुसारको निष्कर्ष प्राप्त हुन आएका छन् :

प्रस्तुत पाठ्यपुस्तकको कथा विधामा प्रयोग हुन आएका शब्दहरूमा सबैभन्दा बढी *मामालाई सुधार्ने भान्जो कथा* र *बोधिसत्वको कथा* कथामा २४० ओटा शब्दहरू रहेका छन् भने सबैभन्दा कम *सातदिने सभा* र *बाक्लो दाल* कथामा १८० ओटा शब्दहरू रहेका छन् । र *सुन उगेल्ने भाले* कथामा १८२ ओटा शब्द र *रिस र राक्षस* कथामा २०९ ओटा शब्द रहेका छन् ।

प्रस्तुत पाठ्यपुस्तकको कथा विधामा प्रयोगमा आएका जम्मा १२३८ ओटा शब्दहरूमध्ये नाम शब्द ५०८ (४१%), सर्वनाम शब्द ५८ (४.६%), विशेषण २१५ (१७%), क्रियापद २४७ (२०%), क्रियायोगी १०९ (८%), नामयोगी ३७ (३%), संयोजक २६ (२%), विस्मयादिबोधक ९ (०.७%) र निपात २९ (२%) स्थान ओगटेको छ । सबैभन्दा बढी नाम अनि क्रियापद र विशेषण पदको शब्द सङ्ख्या बढी रहेको पाइयो । सर्वनाम, निपात, विस्मयादिबोधक, संयोजक शब्दको प्रयोग अत्यन्त कम देखिनाले शब्दको सन्दर्भमा यसको अस्तित्व कम रहेको पाइयो भने अधीक मात्रामा नामपद,  क्रियापद र विशेषणको प्रयोग भएको पाइयो ।

प्रस्तुत पाठ्यपुस्तकको कथा विधामा प्रयोगमा आएका जम्मा १२३८ ओटा शब्दहरूमध्ये तत्सम शब्द ३२१ (२६%) छन् त्यसैगरी तद्भव शब्द ८५५ (६९%) र आगन्तुक शब्दको सङ्ख्या ६२ (५%) रहेको पाइयो । स्रोतका आधारमा हेर्दा *मामालाई सुधार्ने भान्जो* कथामा सबैभन्दा बढी तद्भव अनि तत्सम र आगन्तुक शब्द रहेको पाइयो । *सात दिने सभा*कथामा तत्सम र आगन्तुक शब्दको तुलनामा तद्भव शब्दको प्रयोग बढी भएको पाइयो । *सुन उगेल्ने भाले* कथामा पनि तुलनात्मक रूपमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी रहेको पाइयो । यसैगरी *बोधिसत्वको कथा* कथामा पनि तद्भव शब्द बढी

छ भने तत्सम र आगन्तुक शब्द कम पाइयो । *रिस र राक्षस* कथामा तुलनात्मक रूपमा हेर्दा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द नै बढी रहेको पाइयो । *बाक्लो दाल* कथामा रहेका शब्दहरूलाई तुलनात्मक रूपमा हेर्दा तद्भव शब्द नै बढी र क्रमशः तत्सम र आगन्तुक शब्द रहेको पाइयो ।

सम्पूर्ण शब्दहरू कक्षा सातको स्तरअनुसार त्यति सन्तोषजनक मान्न सकिँदैन । तद्भव शब्दको अधीक प्रयोगले कथा र शब्दभण्डारको पक्ष सरल बनाए पनि अन्य आगन्तुक र तत्सम शब्दहरू सिक्न कठीन भएको पाइयो ।

कक्षा सातको कथा विधामा प्रयोगमा आएका जम्मा १२३८ ओटा शब्दहरूमध्ये सबै कथामा मूल शब्द ४८६ (३९%) रहेको पाइयो भने व्युत्पन्न शब्द ७५२ (६१%) रहेको पाइयो ।*मामालाई सुधार्ने भान्जो* कथामा रहेका शब्दहरूमध्ये तुलनात्मक रूपमा हेर्दा मूल शब्दभन्दा व्युत्पन्न शब्द बढी रहेका छन् । यसरी नै *सात दिने सभा, सुन उगेल्ने भाले,बोधिसत्वको कथा, रिस र राक्षसर बाक्लो दाल*कथामा व्युत्पन्न शब्द बढी र मूल शब्द कम रहेको पाइयो । तुलनात्मक रूपमा मूल शब्दभन्दा व्युत्पन्न शब्दको प्रयोग अधिक मात्रामा भएको देखियो, जसले गर्दा कथाहरू पनि बढी रोचक देखिन गएको छ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधकार्यको उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ५.३.१ नीति निर्माण स्तरमा

प्रस्तुत शोध अध्ययनको नीतिगत उपयोगिता निम्नानुसार छन् :

(क) यस शोध अध्ययनले सम्बन्धित निकायलाई विद्यार्थीको स्तरअनुसार पाठ्यक्रम, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको निर्माण गर्दा शब्दलाई बढी प्राथमिकता दिनुपर्दछ ।

(ख) भाषा पाठ्यपुस्तकमा समावेश गरिने शब्दहरू आधारभूत तहका विद्यार्थीको स्तर, रुचि, क्षमता र आवश्यकताका आधारमा छनोट गरिनुपर्दछ ।

(ग) भाषा पाठ्यपुस्तक विद्यार्थीको लागि उपयुक्त छ/छैन भनी थाहा पाई परिवर्तन गर्न सघाउ पुऱ्याउँदछ ।

(घ) भाषा पाठ्यपुस्तकको सही मूल्याङ्कनमा सहयोग पुऱ्याउँछ ।

(ङ) शिक्षकहरूलाई शिक्षण गर्न सजिलो हुने देखिन्छ ।

## ५.३.२ प्रयोगगत तह

प्रस्तुत शोध अध्ययनको प्रयोग स्तरमा निम्न उपयोगिता रहेका छन् :

विद्यार्थीको शब्दभण्डार बढाउन; विद्यार्थीको क्षमता, स्तर र आवश्यकताअनुसार शिक्ष गर्न; विद्यार्थीमा आइपर्ने शब्दसम्बन्धी कठिनाइको समस्या समाधान गर्न; शब्दको स्रोत, संरचना र कार्यसम्बन्धी ज्ञान प्रदान गर्न ।

## ५.४ सुझाव

कुनै पनि शोधकार्य पूरा गरिसकेपछि त्यसबाट प्राप्त निष्कर्षका आधारमा त्यस विषयमा देखापरेका कमी-कमजोरी औँल्याउँदै सुधार गर्नका लागि सुझाव प्रस्तुत गर्नु शोधकार्यको उद्देश्यभित्र पर्दछ । त्यसैले माथि प्रस्तुत गरिएका निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

कथा विधामा प्रयुक्त शब्दको पदवर्गीय विश्लेषणमा नाम शब्द, विशेषण र क्रियापदको अधिक प्रयोग भएको छ । विस्मयादिबोधक, निपात र संयोजकको मात्रा अझ बढाउँदा कथाहरू रोचक हुने देखिएको छ ।

भाषा पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्द बढी सरल हुने हुनाले तद्भव शब्दको राम्रो प्रयोग भएको देखिन्छ । जसले गर्दा कथाहरू बढी रोचक देखिन गएको छ । समयअनुसार प्रविधिका नयाँ शब्दहरू पनि थपिँदै जानु उपयुक्त हुने देखिएको छ ।

शब्द छनोट र स्तरणमा पनि त्यति ख्याल नगरिएको पाइयो । यसलाई पनि सुधार गर्नुपर्ने देखिन्छ भने विद्यार्थीको क्षमताअनुसार चलनचल्तीमा आउने शब्दको प्रयोग गरिनु उपयुक्त हुने देखिएको छ ।

शब्दकोशको प्रयोगमा नभेटिने शब्दले विद्यार्थी अलमलमा पर्दछन् । त्यसैले यस्ता शब्दलाई सकेसम्म कम प्रयोग गरिनु उपयुक्त हुन सक्दछ साथै पाठहरू प्रस्तुत गर्दा भाषाको जटिलताबाट सरलतातर्फ उन्मुख हुने गुणप्रति सचेत हुने खालको हुनुपर्दछ ।

## ५.५ भावी शोधका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत अध्ययनका सन्दर्भमा रहेर निम्नलिखित शीर्षकमा भावी अनुसन्धान हुनु आवश्यक ठानिएको छ ।

(क) कक्षा सातको नेपाली किताबमा रहेका जीवनी विधामा प्रयुक्त शब्दभण्डारगत शब्दको अध्ययन ।

(ख) कक्षा सातको नेपाली किताबमा रहेका जीवनी विधामा प्रयुक्त शब्दभण्डारगत शब्दको अध्ययन ।

(ग) कक्षा छ को नेपाली किताबमा रहेका निबन्ध विधामा प्रयुक्त शब्दभण्डारगत अध्ययन ।

(घ) कक्षा आठको नेपाली किताबमा रहेका पत्ररचना विधामा रहेका शब्दभण्डारको अध्ययन ।

# सन्दर्भ सामग्रीसूची

# सन्दर्भ सामग्रीसूची


अधिकारी, विमला (२०६७), *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सामविष्ट शब्दहरुको अध्ययन'* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषाशिक्षा विभाग, त्रि. वि. कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०४९), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : कुञ्जन प्रकाशन ।

----------- (२०५८), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

----------- (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, भविकला (२०७०), *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०५७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन ।

दवाडी, सरोज (२०६७), *'मुना' (मासिक बाल प्रकाशन) मा प्रकाशित बाल कथाको अध्ययन एवम् विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

दवाडी, हिमकला (२०७१), *कक्षा पाँचको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

न्यौपाने, टङ्कप्रसाद र दीपकप्रसाद न्यौपाने (२०६३), *रूपविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

न्यौपाने, सरस्वती (२०७३), *कोपिला बालपत्रिकामा प्रकाशित कथाहरुको वाक्यगठनको अध्ययन,* स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

पराजुली, रमेश (२०६१), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरुको आवृत्ति गणना,* अप्रकाशित स्नाकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखेल, बालकृष्ण (२०४०), *नेपाली बृहत शब्दकोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६८), *माध्यमिक तहको व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेशन ।

रेग्मी, वेदराज (२०६८), *कक्षा दशको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा शिक्षण र पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, भगवती (२०७१), *कक्षा आठको हाम्रो नेपाली किताबको कथा विधामा समाविष्ट शब्दभण्डारको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

शर्मा, मोहनराज र कृष्णहरि बराल (२०५५), *भाषा विज्ञान र नेपाली भाषा,* काठमाडौं : नवीन प्रकाशन ।

शर्म्मा, वसन्तकुमार (२०६२), *नेपाली शब्दसागर,* काठमाडौं : भाभा पुस्तक भण्डार ।

# व्यक्तिवृत्त



नाम : जमुना लम्साल

जन्ममिति : २०४२/०४/०८

पिताको नाम : जेदुनाथ उपाध्याय

आमाको नाम : रितुमाया उपाध्याय

पतिको नाम : रामहरि घिमिरे

ठेगाना : भरतपुर महानगरपालिका-१८, चितवन

लिङ्ग : महिला

भाषिक ज्ञान : नेपाली, अङ्ग्रेजी

रुचि : अध्यापन

सम्पर्क : ९८४५१७९६३९

**शैक्षिक योग्यता**

| **तह** | **शिक्षण संस्था** | **श्रेणी** |
|---|---|---|
| स्नातकोत्तर तह (एम.एड.) | श्री सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन | अध्ययनरत |
| स्नातक तह (बि.एड.) | शहिद स्मारक कलेज शारदानगर, चितवन | दोस्रो |
| १०+२ | शहिद स्मारक कलेज शारदानगर, चितवन | पहिलो |
| एस.एल.सी. | सुबलाल मा.वि., सन्तपुर, रौतहट | दोस्रो |